# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ९१ | काठमाडौं | बुधबार, ०७ साउन २०८२ | Prabhab National Daily | Wednesday, 23 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



**मानव बेचबिखन अपराध हो**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## भारत भ्रमणको गृहकार्यमा प्रधानमन्त्री

■ जेबी योञ्जन



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली आगामी भदौ अन्तिम साता भारतको औपचारिक भ्रमणमा जाने टुंगो लागेसँगै दुई देशका गृहसचिवस्तरीय संयन्त्रको दुईदिने बैठक नयाँ दिल्लीमा जारी छ । नौ वर्षपछि बसेको गृहसचिवस्तरीय बैठक आज सकिँदै छ ।

गृहसचिव गोकर्णमणि दुवाडीले नेतृत्व गरेको सचिवस्तरीय बैठकमा पारस्परिक र साझा मुद्दामा छलफल भइराखेको मन्त्रालयका उपसचिव रवीन्द्र आचार्यले बताए । उनका अनुसार बैठकमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागसँगै अध्यागमन तथा नापी विभागका अधिकारीहरू समेत सहभागी छन् ।

'खुला सीमा र निकटको छिमेकी भएकाले हाम्रा साझा मुद्दाहरू छन् । जस्तोः अपराधीहरू एउटा देशमा अपराध गरेर अर्को देशमा घुसपैठ गर्ने, चोरी तस्करी, अपराध नियन्त्रण, सीमा स्तम्भहरूको मर्मतसम्भार तथा सीमासम्बन्धी सुरक्षा व्यवस्थापनलगायतका विषयहरू बैठकका साझा विषय छन्,' आचार्यले प्रभावलाई भने ।

गृहसचिवस्तरीय बैठक नौ वर्षयता बस्न सकेको थिएन । नेपालले भने विभिन्न माध्यमबाट बैठक बस्नका लागि भारतलाई आग्रह गर्दै आएको थियो । भारतले कोभिडको कारण देखाउँदै बैठक बस्न अनिच्छा प्रकट गर्‍यो । दुई देशीय सीमा संयन्त्रको बैठक पनि छ वर्षयता बस्न सकेको थिएन । बैठकप्रति भारतको उदासीनता ठानिन्थ्यो ।

सीमा संयन्त्रको बैठक गृहसचिवस्तरीय संयन्त्रको बैठकपछि बस्ने तय भएको छ । बैठक यही जुलाई महिनाको अन्तिम साता बस्ने भएको छ । लामो समय भारतका लागि नेपाली राजदूत भएका कूटनीतिज्ञ निलाम्बार आचार्य प्रधानमन्त्रीको भारत भ्रमण तय हुनु र भ्रमणअघि संयन्त्रहरूको बैठक बस्ने कार्य हुनु सकारात्मक रहेको बताउँछन् । उनको विचारमा नेपाल-भारत सम्बन्ध सुधारमा यी बैठकहरू अर्थपूर्ण हुने छन् ।

'प्रधानमन्त्री एक वर्षदेखि नै भारत भ्रमणमा जान इच्छुक हुनुहुन्थ्यो तर भारत अनिच्छुक भयो, जसले गर्दा उहाँको भ्रमण हुन सकेको थिएन । तर, पछिल्लोपटक समकक्षी नरेन्द्र मोदीसँग दुई अन्तर्राष्ट्रिय फोरममा साइडलाइन वार्ता गर्नुभयो, त्यसले सम्बन्धमा सुधार ल्यायो,' उनले भने, 'अहिले भ्रमण तय भएको छ । भ्रमणले सबै समस्या समाधान त गर्दैन तर अर्थपूर्ण हुने देख्छु ।'

प्रधानमन्त्री ओलीले पटक-पटक परराष्ट्रमन्त्री डा. आरजु राणालाई भारत पठाए । हप्तौंसम्म बसेर कूटनीतिक पहल गर्न प्रयास गरिन् । तर, ओलीसँग असन्तुष्ट मोदी उनलाई औपचारिक भ्रमणमा निम्त्याउन तयार भएनन् । कूटनीतिज्ञ आचार्य प्रधानमन्त्रीका रूपमा ओलीले आधा कार्यकाल गुजारिसकेकाले उनको औपचारिक भ्रमणका निम्ति भारतले अहिलेको समयलाई उपयुक्त ठानेको हुन सक्ने ठहर छ ।

भारतले औपचारिक भ्रमणका लागि निम्तो नपठाएपछि प्रधानमन्त्री ओलीले गत वर्ष नै चीनको भ्रमण गरिसकेका छन् । अधिकांश प्रधानमन्त्रीहरूले पहिलो विदेश भ्रमण भारतको गर्दै आएका थिए । ओलीको यसपटकको कार्यकालमा भने भारत बिच्किँदा पहिलो भ्रमण हुन पाएन । तर, भारत पनि ओलीको औपचारिक भ्रमण गराउन गलेको कतिपयको तर्क छ । त्यही मेसोमा गृहसचिवस्तरीय बैठक नयाँदिल्लीमा बसेको हो ।

⏭ क्रमशः पृष्ठ २ मा

- प्रधानमन्त्री ओली भदौ अन्तिममा भारत भ्रमणमा जाँदै
- भ्रमणअघि गृहसचिवस्तरीय संयन्त्रको बैठक दिल्लीमा जारी
- साउनको १२–१४ गतेसम्म सीमा कार्यदलको बैठक बस्ने

प्रधानमन्त्री एक वर्षदेखि नै भारत भ्रमणमा जान इच्छुक हुनुहुन्थ्यो तर भारत अनिच्छुक भयो, जसले गर्दा उहाँको भ्रमण हुन सकेको थिएन । अहिले भ्रमण तय भएको छ । भ्रमणले सबै समस्या समाधान त गर्दैन तर अर्थपूर्ण हुने देख्छु ।

■ **निलाम्बार आचार्य**
पूर्वराजदूत

## 'कुलिङ पिरियड'बारे कांग्रेसभित्रै दुई धार

### कुलिङ पिरियड राख्नैपर्ने कांग्रेस नेताहरूको माग, देउवा भने एमालेलाई सघाउने तयारीमा



हामी सँगै बस्दै गर्दा सबै त्यो कुरामा सहमत पनि हुने, तर राष्ट्रिय सभामा फरक रूपमा संशोधन प्रस्ताव आइराखेर फेरि त्यसलाई दुर्घटनातर्फ लगियो भने स्वाभाविक छ कि दुई दलबीचको समझदारीमा एक ढंगको दरार उत्पन्न गर्छ ।

■ **विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस



'कुलिङ पिरियड' संसदीय समितिबाट सर्वसम्मतिमा अगाडि बढेको छ । यसमा 'कम्प्रमाइज' हुन्न । कुलिङ पिरियड लागू हुनैपर्छ ।

■ **डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



**कहिले के भयो ?**

| | |
|---|---|
| जेठ २ - | प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित |
| असार १५ - | प्रतिनिधिसभाबाट पारित |
| असार १७ - | 'कुलिङ पिरियड' हटाउनेगरी विधेयकमा कीर्ते गरेको भन्दै समितिका सभापति रामहरि खतिवडाको राजीनामा माग |
| असार २१ - | शब्दमा गडबडी गर्ने सत्यतथ्य पत्ता लगाउन प्रतिनिधिसभा सदस्य जीवन परियारको नेतृत्वमा सात सदस्यीय छानबिन समिति गठन |
| असार ३२ - | समितिका सभापति खतिवडासँग बयान |
| साउन ६ - | प्रतिनिधिसभाका महासचिव रोजनाथ पाण्डेसँग बयान |

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसका नेताहरूले संघीय निजामती सेवा विधेयकको 'कुलिङ पिरियड' विवादमा नेकपा एमालेको चर्को विरोध गरिरहेका छन् । तर, पार्टी सभापति शेरबहादुर देउवाले भने एमालेलाई अप्ठेरो नपार्ने नीति लिने संकेत गरेका छन् । मंगलबार सभापति देउवानिवास बूढानीलकण्ठमा पुगेका कांग्रेसका नेताहरूले यसबारे छलफल गर्दा देउवाबाट यस्तो संकेत पाएको बताएका हुन् ।

छलफलमा सभापति देउवाले कुलिङ पिरियडमा एमालेलाई अप्ठेरोमा नपार्ने संकेत गरेको नेता गोपालमान श्रेष्ठले बताए । 'कुलिङ पिरियडमा मिलेर जाने भन्ने कुरा भएको छ,' श्रेष्ठले भने । देउवालाई भेट्न श्रेष्ठसहित उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान श्रेष्ठ, नेता कृष्ण सिटौला, विजयकुमार गच्छदार र प्रवक्ता डा. प्रकाशशरण महत पुगेका थिए ।

अवकाशप्राप्त सरकारी कर्मचारीले अर्को संवैधानिक नियुक्ति वा अन्य सरकारी पदमा नियुक्ति लिन कुर्नुपर्ने समय नै 'कुलिङ अफ पिरियड' हो । यससम्बन्धी व्यवस्था भएको 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा पुगेको छ । यो विधेयकमा कीर्ते भएको भन्दै कांग्रेसले विरोध जारी राखेको छ । एमालेका सांसदहरूले राष्ट्रिय सभामा संशोधन प्रस्ताव दर्ता गरेपछि सत्ता साझेदार दुई दलका नेताहरूबीच असमझदारी बढेको हो ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले कुलिङ पिरियड नराखिए गठबन्धनमै दरार आउने चेतावनी दिएका छन् । 'राज्य व्यवस्था समितिबाट पारित भएको कुलिङ पिरियडको जुन विषय थियो, त्यो विषयको सन्दर्भमा सम्मानीय सभामुखमार्फत छानबिन समिति बनेको छ, जसको दोषको पाटो छ, उसलाई कारबाही गर्नुपर्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## 'सिण्डिकेट'को हल्लाले मलेसिया रोजगारी प्रभावित

### अपेक्षित संख्यामा मागपत्र नआउँदा व्यवसायी निराश

■ ममता थापा



**काठमाडौं–** गत वैशाखदेखि पुनः आप्रवासी श्रमिक लैजान थालेको मलेसियाबाट अपेक्षित मागपत्र आउन नसकेको वैदेशिक रोजगार व्यवसायीहरूले बताएका छन् । एक वर्षपछि रोजगारी खुल्दा उत्साहित भएका व्यवसायीहरू अपेक्षित रूपमा श्रमिकको माग नआएपछि निराश देखिएका छन् ।

विदेशी कामदार लिन बन्द गरेपछि मलेसियाका विभिन्न क्षेत्रमा श्रमिक अभाव भएको त्यहाँका रोजगारदाताले बताउँदै आएका थिए । व्यवसायीहरूका अनुसार त्यहाँ दक्षभन्दा अदक्ष श्रमिकको अभाव हुने गर्छ । मलेसियाले अन्य मुलुकबाट प्रायः जसो सीप नभएका श्रमिकहरू लग्दै आएको छ । रोजगारी बन्द हुँदा अदक्ष श्रमशक्तिको अभावले त्यहाँ भित्रने विदेशी लगानीमासमेत असर गर्न सक्ने भनिएको थियो । तर रोजगारी खुलाएपछि पनि नेपाली श्रमिकका लागि उत्साह जगाउन सकेको छैन ।

मलेसियाले सुरक्षा गार्ड, सेवा क्षेत्र, उत्पादन, बिरुवा रोप्नेलगायतका क्षेत्रमा नेपालबाट श्रमिक लग्दै आएको छ । सुरक्षा गार्ड भने नेपालबाट मात्र लग्ने भएकाले यसको मागपत्र नरोकिएको व्यवसायी बताउँछन् । हाल त्यहाँको निर्माण क्षेत्रमा करिब एक लाख कामदार आवश्यक रहेको त्यहाँका कम्पनीले बताएका छन् । समयमै काम पूरा गर्नुपर्ने हुँदा गैरकानुनीरूपमा बसोवास गरिरहेकाहरूको पनि प्रयोग गरिएको जनाइएको छ । तर निर्माण क्षेत्रमा बढीजसो इण्डोनेसियाबाट श्रमिक लग्दै आएकाले न्यून संख्यामा मात्र नेपाली श्रमिकको माग आउने गरेको छ ।

गत वैशाख १२ गतेबाट रोजगारी खुलाएयता हालसम्म आठदेखि १० हजारको संख्यामा मागपत्र आएको व्यवसायीहरूको भनाइ छ । कम मागपत्र आउनुमा एकाधिकार (सिण्डिकेट) मुख्य कारण रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे बताउँछन् । 'सिण्डिकेटको हल्लाले सेवा क्षेत्र खुलेकै छैन । अहिलेसम्म सेक्युरिटी गार्डमात्र लगिरहेको छ,' उनले भने, 'उताको एजेन्सीसँग कुरा गर्दा नेपालबाट सिण्डिकेट लागू गर्ने कुरा छ ।

⏭ क्रमशः पृष्ठ २ मा



मलेसियाका कतिपय कम्पनीहरु भियतनामतिर सरेका छन् । विश्वव्यापीरूपमा देखिएको आर्थिक मन्दी, युद्ध, अमेरिकाको नयाँ कर नीतिलगायतका कारण त्यहाँका कम्पनीलाई असर परिरहेको छ । अब उत्पादन क्षेत्र खुल्यो भने माग केही बढ्छ ।

■ **दीपक थापा**
अध्यक्ष, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसन



सिण्डिकेटको हल्लाले सेवा क्षेत्र खुलेकै छैन । अहिलेसम्म सेक्युरिटी गार्डमात्र लगिरहेको छ । खासमा मलेसिया रोजगारी खुलेकै छैन । खुलाएजस्तो मात्र गरेको हो ।

■ **हरिबहादुर पाण्डे**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति




पृष्ठ १ बाट क्रमशः

## 'कुलिङ पिरियड'...

सँगै हामीले राज्य व्यवस्था समितिबाट सर्वसम्मतरूपमा अपिल गरेका छौं, आह्वान गरेका छौं, राष्ट्रिय सभामार्फत यसलाई सच्याइनुपर्छ,' मंगलबार एक कार्यक्रममा शर्माले भने, 'हामी सँगै बस्दै गर्दा सबै त्यो कुरामा सहमत पनि हुने, तर राष्ट्रिय सभामा फरक रूपमा संशोधन प्रस्ताव आइराखेर फेरि त्यसलाई दुर्घटनातर्फ लगियो भने स्वाभाविक छ कि दुई दलको बीचमा हाम्रो जुन समझदारी हो, त्यो समझदारीमा एक ढंगको दरार उत्पन्न गर्छ ।'

कांग्रेस प्रवक्ता डा. महतले भने मंगलबार बिहान एक कार्यक्रममा कुलिङ पिरियड लागू भइछाड्ने दाबी गरेका थिए । 'कुलिङ पिरियड संसदीय समितिबाट सर्वसम्मतिमा अगाडि बढेको छ । यसमा कम्प्रमाइज हुन्न । कुलिङ पिरियड लागू हुनैपर्छ,' काठमाडौंको धुम्बाराहीमा आयोजित कार्यक्रममा उनले भनेका थिए ।

विधेयकमा थपिएको दुई वर्षे कुलिङ पिरियडमा चलखेल गरी अनधिकृत परिवर्तन गरेपछि अहिले विवाद सतहमा आएको हो । यससम्बन्धी संशोधनको ४३औं नम्बरमा विधेयकको दफा ८२ को उपदफा ४ मा भनिएको छ- निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।'

तर यसैलाई काट्नेगरी दफा ८२ को उपदफा ५ (क) मा गरिएको व्यवस्थाले कांग्रेस-एमालेबीच विवाद बढेको हो । उक्त व्यवस्थामा भनिएको छ, 'संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैन । संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक पदमा नियुक्ति लिन ।'

यसमा कीर्ते गरेको भन्दै एमालेकै सांसदहरूले राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडामाथि छानबिन गर्न संसदीय विशेष समिति नै माग गरे । जसअनुसार कांग्रेस सहमहामन्त्री जीवन परियारको नेतृत्वमा संसदीय विशेष छानबिन समिति बनेर काम अघि बढिसकेको छ ।

मंगलबार संसदीय विशेष समितिले संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेसँग बयान लिएको छ । कांग्रेस सहमहामन्त्री परियार सभापतित्वको समितिले आफूसँग संघीय निजामती सेवा विधेयकको 'कुलिङ अफ पिरियड'मा भएको गल्तीबारे सोधपुछ गरेको महासचिव पाण्डेले जानकारी दिए । उनले यो मानवीय त्रुटि भएको बयान दिएको बताए । 'सांसदहरूले पनि ध्यान पुर्‍याउनुपर्थ्यो । कर्मचारीहरूले पनि ध्यान पुर्‍याउनुपर्थ्यो । कसैको ध्यान पुगेन,' पाण्डेले भने । यसबारे विशेष समितिले यसअघि समितिका सभापति खतिवडासँग पनि बयान लिइसकेको छ ।

नेपाली कांग्रेसले सरकारी कर्मचारीका लागि कुलिङ पिरियड चार वर्ष राख्नुपर्ने नयाँ प्रस्ताव अगाडि सारेको छ । विवादकाबीच राष्ट्रिय सभामा कांग्रेस सांसद नारायणदत्त भट्टले कुलिङ पिरियड चार वर्ष राख्नुपर्ने तर्क अघि सारे । 'कुलिङ पिरियड हुनैपर्छ । दुईको ठाउँमा चार बनाउनुपर्छ,' भट्टले भने ।

समितिमा छलफलकै क्रममा पनि कुलिङ अफ पिरियड नराख्न प्रधानमन्त्री केपी शर्मा ओलीले निकै दबाब दिएको समितिका सभापति खतिवडाको दाबी छ । त्यो दबाब कांग्रेस सभापति देउवाकै सहमतिमा भएको थियो । शनिबार राष्ट्रिय सभामा एमाले प्रमुख सचेतक गोपाल भट्टराई, सोनामग्याल्जेन शेर्पा, इन्दिरादेवी गौतम, रुक्मिणी कोइराला र सुमित्रा बिसीले एमालेको तर्फबाट संस्थागत रूपमा कुलिङ पिरियड हटाउने प्रस्ताव राखेका छन् । यसबाट प्रस्ट कुलिङ पिरियडको पक्षमा एमाले नरहेको प्रस्ट हुने कांग्रेस नेताहरू बताउँछन् । र, विधेयकमाथि विवाद चर्किंदा पनि देउवा भने यसबारे बोलेका छैनन् ।

■■■

## भारत...

यसलगत्तै सीमा कार्यदलको बैठक यही १२ देखि १४ गतेसम्म हुने भएको छ । बैठकका एजेण्डा भने तय भइसकेको छैन । विभागका प्रवक्ता टंकप्रसाद दाहालका अनुसार आयोजकले बैठकको प्रस्ताव पठाउने चलन रहेको र अहिलेसम्म प्राप्त नभएको बताए ।

सीमा कार्यदलको बैठकमा प्रायः सीमांकन, भत्के बिग्रेका सीमास्तम्भको मर्मत, हराएका खम्बाहरूको पुनर्स्थापना, दशगजा सफा गर्नेजस्ता नियमित विषयहरूमा छलफल हुने उनको भनाइ छ । सीमाविद् बुद्धिनारायण श्रेष्ठ प्रधानमन्त्री ओलीको यसपटकको भारत भ्रमणको क्रममा कालाकानी, लिम्पियाधुरा र लिपुलेकको विषय उठ्ने सम्भावना नरहेको बताउँछन् ।

'हामीसँगको प्रमाणको आधारमा हामीले कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई संविधान संशोधन गरेरै नेपालको राजनीतिक र प्रशासनिक नक्सामा समावेश गरिसकेका छौं, यो भारतले मानेको छैन । यसले गर्दा सीमाको सवाल पेचिलो छ, यसमा प्रधानमन्त्रीले कुरा उठाउने सम्भावना कम देख्छु,' उनले भने ।

भारतले आफ्नो दाबी गर्दै आएको ती नेपाली भूमिलाई नक्सामै समावेश गरेपछि मोदी ओलीसँग रुष्ट छन् । भनिन्छ, त्यसअघि संविधानमा भारतको 'इन्ट्रेस्ट'ले ठाउँ नपाएपछि पनि भारत असन्तुष्ट थियो, जतिबेला प्रधानमन्त्री ओली नै थिए । यी केही प्रसंगले ओलीप्रति मोदी नरम नभएको र उनको औपचारिक भ्रमणमा उदार नभएको कूटनीतिक मामिलाका जानकारहरू बताउँथे । कांग्रेस सभापति शेरबहादुर देउवासँगको सत्ता नेतृत्वको समझदारीअनुसार आधा कार्यकाल बित्दा मोदी ओलीलाई पाहुन स्वीकार्न तयार भएका हुन् ।

■■■

## 'सिण्डिकेट'को...

सिण्डिकेट लागू भयो भने हामीले पनि अरुलाई दिन मिल्दैन भन्छ । खासमा मलेसिया रोजगारी खुलेकै छैन । खुलाएजस्तो मात्र गरेको हो ।'

जति श्रमिक केही वर्षअघि जान्थे त्यो अनुपातमा निकै कम श्रमिक लान थालेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका अध्यक्ष दीपक थापाले बताए । 'त्यहाँका कतिपय कम्पनीहरू भियतनामतिर सरेका छन् । विश्वव्यापीरूपमा देखिएको आर्थिक मन्दी, युद्ध, अमेरिकाको नयाँ कर नीतिलगायतका कारण त्यहाँका कम्पनीलाई असर परिरहेको छ । अब उत्पादन क्षेत्र खुल्यो भने माग केही बढ्छ,' थापाले भने ।

विगतमा रोजगारीमा गएका श्रमिकहरू करार अवधि सकिएपछि फर्किने गरेकोमा पछिल्लो समय त्यहीँ बस्ने गरेकाले पनि नयाँ श्रमिकको मागमा कमी आएको उनको भनाइ छ । 'पहिला तीन वर्ष भएपछि सबै जना फर्किएर आउनुहुन्थ्यो । अहिले त्यो छैन । नेपाल फर्किएपछि फेरि जान समस्या हुने हुँदा श्रमिकहरू फर्कनै खोज्नुहुन्न,' थापाले भने, 'उहाँहरू ११-१२ वर्षसम्म बस्न थाल्नुभएको छ । पहिला पहिला समयावधि सकिएपछि बस्ने श्रमिकको संख्या १० प्रतिशत पनि हुँदैनथ्यो । अहिले करिब ९० प्रतिशत उतै बस्नुहुन्छ ।' खाडी मुलुकको भन्दा बढी तलब र नेपालको जस्तै हावापानी हुँदा मलेसियामा नेपाली श्रमिकको रोजाइमा पर्दै आएको छ ।

सन् २०२४ को तथ्यांकअनुसार मलेसियामा करिब २४ लाख आप्रवासी श्रमिक छन् । नेपालीहरू करिब चार लाखको हाराहारीमा रहेको तथ्यांक छ । आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार १८७ जना रोजगारीका लागि मलेसिया गएका थिए । जसमध्ये नौ हजार ९७७ जना संस्थागत, २४२ जना व्यक्तिगत, ३८ हजार ९६८ जना पुनः श्रम स्वीकृति लिएर गएका हुन् ।


### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ९० साउन ६ गते २०८२ मा प्रकाशित Nepal Placement Agency Pvt. Ltd. को Simple Interior Llc कम्पनीको Lot No. 327418 को विज्ञापनमा सेलरी विवरणमा युएइ (AED) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999
KTM: 9851002903, Email: info@npajobs.com, Web: www.npajobs.com
Bardibas: 9748463004, 9817838138, 9854024082, 9815863083, 9811373879
Govt. License 290/059/60



## Darnachal Campus

**Dullu, Dailekh**
**Karnali Province**

### Invitation For Bids

**First Date of publication: 07/04/2082**

1. Darnachal Campus Dullu Municipality-7, Dailekh invites only electronic bids from Nepalese eligible bidders for the construction of below listed execution of works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Darnachal Campus Dullu Municipality-7, Dailekh or may visit PPMO website www.bolpatra.gov.np/egp.

| SN | Contract No | Work Description/ Name of Project | Estimated Amount without VAT & PS | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | Works/NCB/ DC/01/2082/083 | Construction of Dornachal Campus Library Building | 5,128,205.13 | 180000.00 | 3000.00 | 120 Days |

2. a) Rajaswa (revenue) Khatta no. 4010100001321001 &
   b) Dharauti Khatta(Deposit Acct.) No: 4010100001321001
3. Electronic bids must be submitted before 12:00 on 06/05/2082.
   The bids will be opened at 14:00 on 06/05/2082

**Campus Chief**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०४/०७**

**एडमायरेबल सप्लाई कम्पनी प्रा. लि.** को मिति २०८२/०३/२१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडमायरेबल कन्स्ट्रक्सन एण्ड सप्लाई कम्पनी प्रा. लि. (प्रा. लि. नं. २६४९८१)** कायम गर्ने गरी मिति २०८२/०३/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०३/१६ मा दर्ता भएको **प्रा. लि. नं. २६३९६७** को **उत्कृस्त्री क्लोथिङ स्टोर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०२/२८ मा दर्ता भएको **प्रा.लि. नं. ११३३४१/०६९/०७०** को **रघु मल्टिपर्पोज एग्रिकल्चर फार्म हाउस प्रा.लि.** को मिति २०८२/०३/०३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२**
**ठेगाना : काठमाडौं, फोन नं. ९८५१००६०४६**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०३/२८ मा दर्ता भएको **प्रा.लि. नं. ११४०१९/०६९/०७०** को **ब्रदर्श एसोसिएट्स फ्रेट फरवार्डिङ प्रा.लि.** को मिति २०८२/०३/०३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२**
**ठेगाना : काठमाडौं, फोन नं. ९८५१००६०४६**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०६/२७ मा दर्ता भएको **प्रा.लि. नं. ३००६६६/०७९/०८०** को **डोडम एम. एस नेपाल प्रा.लि.** को मिति २०८२/०२/२६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः निलकण्ठ पोखरेल, इजाजतपत्र नं. ५१२**
**ठेगाना : काठमाडौं, फोन नं. ९८५१००६०४६**



### आफ्नो सामान बुझी लैजानबारे ३५ (पैतीस) दिने सूचना

**प्रकाशित २०८२/०४/०७ गते**

हेमदत्त केरुङको नाती रत्नमान केरुङको छोरा पाँथर जिल्ला फालेलुङ गाउँपालिका वडा नं.२ बस्ने वर्ष ५३ को **रूद्र कर्ण केरुङ**लाई आफ्नो सामान बुझी लैजान बारे ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

काठमाडौं महानगरपालिका वडा नं.३२ वडाको नरेफाँट, कोटेश्वरमा रहेको मेरो घरमा तीन सटरहरू तपाईले बहाल लिई रेष्टुरेण्ट सञ्चालन गर्दै आउनुभएकोमा बहाल रकम नतिरी सम्पर्कमा समेत नरहेको कारण नेपाल प्रहरीको रोहवरमा का.म.पा.३२ वडा कार्यालयले मिति २०८१ साल पुस महिना २६ गते तपाईले बहालमा लिएको सटरहरूको ताला खोली मुचुल्का उठाई मुचुल्कामा उल्लेखित सामानहरू म घरधनीको जिम्मामा रहेको हुँदा यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस) दिन**भित्र आफ्नो हरहिसाब फर फारक गरी आफ्नो सामानहरू उठाई लैजानुहोला । अन्यथा उक्त सामानहरूको म घरधनी जिम्मेवार नहुने व्यहोरा सूचित गरिन्छ ।

***घरधनी :*** *पवन मैया नकर्मी*
*नरेफाँट, का.म.पा.३२, कोटेश्वर, काठमाडौं*


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**बुधबार, ०७ साउन, २०८२**

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **वृष** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मिथुन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **तुला** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **वृश्चिक** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **धनु** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मकर** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कुम्भ** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **मीन** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**०७ साउन , २०८२ (२३ जुलाई, २०२५)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.७८ | १३८.३८ |
| युरो | १ को | १६०.६७ | १६१.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.५३ | १८६.३४ |
| स्विस फ्रैन्क | १ को | १७२.३४ | १७३.०९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८० | ९०.१९ |
| क्यानाडियन डलर | १ को | १००.५१ | १००.९५ |
| सिङ्गापुर डलर | १ को | १०७.४८ | १०७.९४ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.२० | १९.२८ |
| साउदी अरब रियाल | १ को | ३६.७३ | ३६.८९ |
| कतारी रियाल | १ को | ३७.८० | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५१ | ३७.६८ |
| मलेसियन रिङ्गेट | १ को | ३२.५३ | ३२.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १४.३३ | १४.३९ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६२ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६३ |
| कुवेती दिनार | १ को | ४५१.०७ | ४५३.०४ |
| बहराइन दिनार | १ को | ३६५.४६ | ३६७.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

राष्ट्रिय सभामा गृहमन्त्री लेखक-

# विपद् प्रभावितलाई अस्थायी आवास निर्माण प्रक्रियामा



**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले तीव्ररूपमा अस्थायी आवास र निजी आवासको प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना गर्न सरकार सशक्त ढंगले लागिपरेको बताएका छन् ।

राष्ट्रिय सभाको मंगलबारको बैठकमा गृह मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको जवाफ दिँदै गृहमन्त्री लेखकले २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पले ठूलो जनधनको क्षति निम्तिएको भन्दै क्षति पुगेका आवास पुनर्निर्माण गर्न निर्माण प्रक्रिया अघि बढाइरहेको बताए ।

प्रश्नकर्ता सांसद मायाप्रसाद शर्माले वर्षायाम र बाढी पहिरोको जोखिम बढेसँगै भूकम्पले जाजरकोटलगायत क्षति पुगेका आसपासका जिल्लामा पुनर्निर्माण र पुनर्स्थापनाका लागि सरकारको योजनबारे प्रश्न उठाएका थिए । गृहमन्त्री लेखकले त्यसको जवाफ दिँदै निजी आवासमा क्षति पुगेका घरपरिवारलाई आवास निर्माणका लागि प्रतिघरपरिवार दुई किस्ता गरी रकम वितरण गरिएको जानकारी गराए । आवास निर्माणका लागि प्रतिपरिवार ५० हजार रूपैयाँका दरले जाजरकोटमा एक अर्ब ९१ करोड ९१ लाख ७५ हजार रूपैयाँ, रुकुम पश्चिममा एक अर्ब ६१ करोड १२ लाख रूपैयाँ, सल्यानमा सात करोड रूपैयाँ, बाजुरमा १० करोड ५० लाख रूपैयाँ, बझाङमा २५ करोड र जुम्लामा एक लाख ७५ हजार रूपैयाँ गरी कूल तीन अर्ब ९५ करोड ६५ लाख ५० हजार रूपैयाँ वितरण गरिएको बताए ।

गृहमन्त्री लेखकले 'विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१' जारी भई कार्यान्वयनमा रहेको उल्लेख गर्दै भूकम्पबाट प्रभावित कर्णाली र सुदूरपश्चिम प्रदेशमा ७६ हजार ३०८ घरधुरीको 'डिडिए' विस्तृत क्षति आकलन) सम्पन्न भई तथ्यांक प्रमाणीकरण भइरहेको बताए । तथ्यांक प्रमाणीकरणपश्चात् स्थानीय तहबाट लाभग्राही कायम गरी कार्यविधिअनुसार विस्तृत क्षति आकलनमा सूचीकृत भएका लाभग्राहीसँग सम्झौता गरी निजी आवास प्रवलीकरण तथा निर्माण गर्ने प्रक्रियामा छ । कार्यविधिले निजी आवासको हकमा भूकम्पबाट भएको क्षतिका आधारमा हिमाल, पहाड र तराईमा क्रमशः पाँच लाख रूपैयाँ, चार लाख रूपैयाँ र तीन लाख रूपैयाँ अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै प्रवलीकरण गरी बस्नयोग्य निजी आवासका लागि एक लाख रूपैयाँसम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ ।

गृहमन्त्री लेखकले बाढीपहिरोको उच्च जोखिममा भएका तथा नेपालको कुनै स्थानमा आवास बनाउने, जग्गा, घडेरी, उपलब्ध नभएका घरपरिवारका लागि बढीमा थप तीन लाख रूपैयाँसम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको बताए । 'निजी आवास निर्माणको काम द्रुतगतिमा अगाडि बढाउन जाजरकोट, अछाम र बझाङमा अस्थायी पुनर्निर्माण कार्यालय स्थापना भएको छ । यसलाई सरकारले प्राथमिकतामा राखेको छ,' उनले भने ।

राष्ट्रिय सभाको मंगलबारको बैठकबाट दुईवटा प्रस्ताव स्वीकृत भएका छन् । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'संघीय निजामती सेवा विधेयक, २०८०' लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस् भनी प्रस्ताव पेस गरेकी थिइन् ।

त्यस्तै, गृहमन्त्री लेखकले प्रतिनिधिसभाबाट प्राप्त सन्देशसहित प्राप्त 'नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्' भनी प्रस्ताव पेस गरेका थिए । यी दुवै प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएका छन् ।

# विपद् प्रतिकार्यका क्रममा ड्रोनको प्रयोग गर्न समझदारी

**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले सरकार विपद् प्रतिकार्य, खोज, उद्धार र राहतलगायत काममा अत्याधुनिक प्रविधि प्रयोग गर्ने अवस्थामा पुगेको बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाल मानवरहित विमान (ड्रोन) संघ/नेपाल ड्रोन संघबीच मंगलबार मन्त्रालयमा भएको समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा उनले प्रयोगले विपद् प्रतिकार्यका क्रममा खोज, उद्धार र राहत (औषधि र पानीलगायत) ड्रोनमार्फत पुऱ्याउन सकिने अवस्था बनेको बताए ।

गृहमन्त्री लेखकले विपद् पूर्वसूचना र प्रतिकार्यका लागि तयारी अवस्थामा बस्न जरूरी रहेको बताउँदै पूर्वसूचना प्रणालीलाई चुस्तदुरुस्त बनाउनेगरी काम भएको जानकारी दिए । 'हामी विपद्को उच्च जोखिम भएको भूगोलमा छौं । बाढीपहिरो, भूकम्प, चटचाङ र लूदेखि हिउँलाग्नेसम्मको जोखिममा छौं,' मन्त्री लेखकले भने, 'अब निजी क्षेत्रमा काम गरिरहेका संस्था, व्यक्ति पनि विपद् प्रतिकार्यमा जोडिनुपर्छ भनेर समझदारी गरेका छौं । यसले सकारात्मक परिणाम दिने छ ।'

मन्त्री लेखकले विपद् प्रतिकार्य र व्यवस्थापनका लागि सरकार र निजी क्षेत्र हातेमालो गरेर अगाडि बढ्ने काम भइरहेको बताए । नागरिकको जिउधनको रक्षा गर्ने विषयसित जोडिएर राष्ट्रको महत्त्वपूर्ण दायित्व पालना गर्न अघि बढेकामा ड्रोन संघलाई उनले धन्यवाद दिए । समझदारीपत्रमा प्राधिकरण र नेपाल मानवरहित विमान (ड्रोन) संघबीच सहकार्य गरी खोज तथा उद्धार, राहत वितरण तथा अन्य सामग्री ढुवानी, विपद् प्रभावित क्षेत्रको निरीक्षण, भौगोलिक नक्सांकन, क्षति मूल्यांकन र सूचना संकलन तथा विश्लेषण कार्य गरिने उल्लेख छ ।


## नाम परिवर्तन सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति: २०८२/०४/०७

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/२८ बमोजिम यस एस.ए.आर.एन.एग्रो फार्म एण्ड रिसर्च सेन्टर प्रा.लि को साविकको नाम परिवर्तन भई रायमाझी एग्रो फार्म प्रा.लि. भएको जानकारी गराउँदछु ।

## प्रमाणपत्र हरायो

मिति २०८२/०३/३० गते किर्तिपुरदेखि बल्खु जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरू साथै सक्कली Academic Transcript & Nepal Nursing Council मा दर्ता भएको Nursing License सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

Name : Sambedana Poudel
Address : Kirtipur-01, Kathmandu, Nepal
Registration No.: 55123
CTEVT Reg.No.: SN-29098-13
Symbol N.: 1802160
College Name : NPI- Narayani Samudayik Hospital & Research Center
Contact No. : 9701737375


नेपालमा जबर्जस्ती निष्कासनसम्बन्धी एम्नेस्टीको प्रतिवेदन

# राज्यको निकायबाट कानुनी दायित्वलाई बेवास्ता गर्दै जबर्जस्ती निष्कासन

■ प्रभाव संवाददाता




**काठमाडौं–** एम्नेस्टी इन्टरनेसनल नेपालले सन् २०२० देखि २०२४ का बीच भएका पाँचवटा जबरजस्ती निष्कासनका घटनामा केन्द्रित रही गरेको अध्ययन प्रतिवेदन मंगलबार सार्वजनिक गरेको छ । एम्नेस्टी नेपालका अध्यक्ष विपिन बुढाथोकी र जबर्जस्ती निष्कासनको घटनाबाट पीडित जानुका पौडेलले उक्त प्रतिवेदन सार्वजनिक गरेका हुन् ।

प्रतिवेदनमा देशका धेरै भागका विभिन्न बस्तीमा बस्ने सयौं नागरिकलाई आवासविहीन बनाएको जबर्जस्ती निष्कासनको निरन्तर अभ्यास भएको देखिएको उल्लेख छ । एम्नेस्टीले साझेदार नागरिक समाज संघ संस्थाहरूसँग मिलेर अनुसन्धान गर्दा सन् २०२४ मा कैलाली, सिरहा, सुनसरी र झापामा गरिएका दुई अनुसन्धान भ्रमणका क्रममा गरिएका स्थलगत अनुसन्धानका साथै गरेको निरन्तरका दस्तावेजीकरण र वकालतका प्रयासमा आधारित रहेको जनाएको छ ।

एम्नेस्टीका निर्देशक निराजन थपलियाले प्रतिवेदनको मुख्य विषय प्रस्तुत गर्दै खासगरी अनुसन्धानमा पाँचवटा जबर्जस्ती निष्कासनका घटनालाई प्रतिनिधिमूलक घटनाका रूपमा अभिलेख गरिएको जानकारी दिए । ती पाँच स्थानमा २०७७ साउन ३ गते चितवनको माडी नगरपालिका, २०७८ वैशाख १८ गते कैलालीको घोडाघोडी नगरपालिका, २०७९ मंसिर १२ गते काठमाडौं महानगरपालिकाको चापावली, २०८१ असार ९ गते धनगढी उपमहानगरपालिकाको पुरानो विमानस्थल क्षेत्र र २०८१ असार ११ गते कैलालीको भजनी नगरपालिकाको भजनीमा बसिरहेको अवस्थामा राज्यका निकायले आवासविहीन बनाएको घटना उल्लेख गरिएको छ ।

प्रतिवेदनमा अनुसन्धानले १६ केन्द्रित समूह छलफल गरी भूमि समस्या समाधान आयोग र राष्ट्रिय मानवअधिकार आयोगजस्ता संघीय अधिकारीका साथै प्रादेशिक तथा स्थानीय अधिकारीसमेत गरी १५ व्यक्तिगत अन्तर्वार्ताका निचोडलाई समावेश उल्लेख छ । 'भूमिहीन सुकुम्बासी' (भूस्वामित्व दर्ता नभएका नागरिक) र अव्यवस्थित बसोबासी (केही दर्ता गरिएको जग्गा भए पनि सरकारी जग्गामा बसोबास गरिरहेका)लाई जग्गाको स्वामित्व प्रदान गर्नेलगायत जबर्जस्ती निष्कासनलाई रोक्ने सम्बन्धमा नेपालको संविधान र आबासको अधिकारसम्बन्धी ऐन, २०७५ तथा भूमि ऐन, २०२१ लगायतका कानुनमा महत्त्वपूर्ण प्रावधान भए पनि त्यसको प्रयोग नगरेको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐनले कुनै पनि निष्कासन प्रक्रियामा पालना गर्नुपर्ने प्रक्रियागत संरक्षणात्मक उपायलाई प्रस्तुत गरी अन्तर्राष्ट्रिय कानुनका प्रावधानलाई पनि प्रतिविम्बित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । अभिलेख गरिएका घटनामा अधिकारीहरूले प्रभावित समुदायसँग निष्कासनको विकल्पको खोजी गर्न वास्तविक परामर्शमा संलग्न हुनुपर्ने र समुदायलाई पर्याप्त सूचना दिनुपर्ने जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा तोकिएका दायित्वलाई बेवास्ता गरेका बताइएको छ ।

पाँचमध्ये तीनवटा घटनामा तथ्यांक संकलन, सामुदायिक संलग्नता, भूमि नक्सांकन, दाबी प्रमाणीकरण र भूमि बाँडफाँटका लागि जिम्मेवारी प्राप्त भूमि समस्या समाधान आयोगद्वारा सुरु गरिएको विद्यमान प्रमाणीकरण प्रक्रियाको ठाडो बेवास्ता गर्दै जबर्जस्ती निष्कासन गर्ने वा निष्कासनको प्रयास गर्ने कार्य गरिएको प्रतिवेदनमा उल्लेख छ । नेपालमा अनौपचारिक बस्तीमा बस्ने अधिकांश नागरिक सीमान्तकृत समूहमा पर्दछन् । अनुसन्धानले यी पाँचवटा घटनामा जबर्जस्ती निष्कासनबाट दलित र आदिवासी जनजाति असमानुपातिकरूपमा प्रभावित भएको पाइएको छ ।

'अनुसन्धानका क्रममा अभिलेख गरिएका भनाइले जबर्जस्ती निष्कासनका कारण हुने गम्भीर भावनात्मक, शारीरिक र मनोवैज्ञानिक पीडामाथि प्रकाश पारेका छन्, जसले व्यक्ति र परिवारलाई डर, आघात र अस्थिरताको अवस्थामा पुऱ्याउँछ,' प्रतिवेदनमा भनिएको छ, 'अनुसन्धान टोलीद्वारा भ्रमण गरिएका तीनवटै निष्कासन स्थलमा आवासविहीनता स्पष्ट थियो, जुन कुरा भूमिको स्वामित्वको स्थिति जेसुकै भए पनि राज्यले सबै नागरिकलाई जबर्जस्ती निष्कासन गर्ने कार्यबाट संरक्षण प्रदान गर्ने र व्यक्तिलाई आवासविहीन बनाउने कार्य नगर्ने बाध्यकारी अन्तर्राष्ट्रिय कानुनी प्रावधानको स्पष्ट उल्लंघन हो ।'

प्रतिवेदनमा अभिलेख गरिएका धेरैजसो घटनामा प्रभावित समुदायले निष्कासनका लागि कुनै पनि क्षतिपूर्ति नभएको र पाए पनि एकदमै अपर्याप्त पाएको उल्लेख छ । साथै, पुनर्वासको प्रस्ताव गर्दा पनि प्रभावित समुदायसँगको पूर्वपरामर्श नगरी र परिवारको आकार वा आधारभूत सेवाको प्रावधानजस्ता आवश्यकताको उचित विचार नगरी प्रस्ताव गरिएको पाइएको उल्लेख छ ।

आवासको अधिकारसम्बन्धी ऐन, २०७५ का धेरै प्रावधानलाई कार्यान्वयन गर्न आवश्यक पर्ने नियामक संरचनाको अभावले कानुनी सुरक्षालाई धेरै हदसम्म निष्प्रभावी बनाएको र मौलिक हकको संरक्षणका लागि बनाइएका हालसालैका कानुनसँग बाझिएका पहिलेका कानुनलाई संशोधन गरी कानुनी एकरूपता कायम गर्नमा भइरहेको विफलताले कार्यान्वयनलाई झन् कमजोर बनाएको उल्लेख छ । प्रतिवेदनमा निगरानी संयन्त्रहरू पनि धेरै हदसम्म प्रभावहीन रहेका बताइएको छ ।

एम्नेस्टीले विभिन्न तीन तहको सरकार, न्यायपालिका, संसदीय समिति र मानवअधिकार आयोगलाई सिफारिससमेत गरेको छ । नेपाल सरकारलाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वाससम्बन्धी घरेलु कानुनी प्रावधानमा नेपालको संविधान र अन्तर ाष्ट्रिय मानवअधिकार मापदण्डद्वारा सुनिश्चित गरिएको पर्याप्त आवासको अधिकारअनुरूप हुनेगरी एकरूपता कायम गर्ने रहेको छ । त्यस्तै, आवासको अधिकारसम्बन्धी ऐनअन्तर्गतका कानुनी मापदण्डको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नका लागि कुनै ढिलाइ नगरी निष्कासनका लागि आवश्यक पर्ने संरक्षणात्मक उपायका उचित कार्यविधिगत प्रक्रियासहितको आवासको अधिकारसम्बन्धी नियमावली लागू गर्ने रहेको छ । संघीय, प्रादेशिक र स्थानीय सरकारलाई गरेको सिफारिसमा भूमि ऐन, २०२१ को आठौं संशोधन र आवासको अधिकारसम्बन्धी ऐन, २०७५ द्वारा प्रदान गरिएअनुसार उचित प्रमाणीकरण र पुनर्वासका उपाय अवलम्बन नभएसम्म अनौपचारिक बस्तीबाट सामूहिक निष्कासन नहुने कुरा सुनिश्चित गर्ने रहेको छ ।

न्यायपालिकालाई गरेको सिफारिसमा जबर्जस्ती निष्कासन रोक्न र पर्याप्त आवासको अधिकार सुनिश्चित गर्न विफल भएका अधिकारीलाई जवाफदेही बनाउनका लागि न्यायपालिकाले सार्वजनिक सरोकारका मुद्दाको तत्काल र प्रभावकारी सुनुवाइ र फर्स्योट सुनिश्चित गर्ने रहेको छ । साथै, राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी मुद्दाको निर्णयमा न्यायिक संवेदनशीलताका उपाय अवलम्बन गर्ने रहेको छ । राष्ट्रिय मानवअधिकार संस्थालाई गरेको सिफारिसमा निष्कासन, क्षतिपूर्ति र पुनर्वास प्रक्रियाको सक्रिय अनुगमन र निगरानीलाई बलियो बनाउने र पर्याप्त आवासको अधिकारसहित आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उल्लंघनका लागि अधिकारीहरूलाई जवाफदेही बनाउने रहेको छ ।

आदिवासी जनजाति आयोगका सदस्य विजय रानाले कानुनीरूपमा व्यवस्था गरिएको भए पनि कार्यान्वयनको अवस्था कमजोर हुँदा पीडितले दुःख भोग्नुपरेको बताए । अधिवक्ता राजुप्रसाद चापागाईंले भूमिहीनको समस्या जटिल र विकराल भएकाले सरकारले गम्भीरतापूर्वक लिनुपर्नेमा जोड दिए । कार्यक्रममा जबर्जस्ती निष्कासनको घटनामा पीडित धन श्रेष्ठले सबैले मानवअधिकारको प्रत्याभूति गर्न पाउनुपर्ने र राज्यले विकल्प नदिइकन डोजर लगाएर जबरजस्ती उठीबास लगाउन नहुने बताए । भूमिविहीन समस्या समाधान आयोगका विज्ञ सदस्य जगल बस्नेतले अहिले करिब १२ लाख भूमिहीनको निवेदन आयोगलाई प्राप्त भएको जानकारी दिए ।


Province Government
Ministry of Physical Infrastructure Development (MOPID)
Koshi Pardesh, Biratnagar

## Invitation for Bids for Supply & Delivery of 4WD Pick-Up

*(Date of publication: 23-07-2025)*

The Ministry of Physical Infrastructure Development, Koshi Pardesh, Biratnagar invites electronic bids from eligible bidders for "Supply and Delivery of 4WD Pick-Up in Ministry of Physical Infrastructure Development, Biratnagar, Koshi Pardesh" as described below under National Competitive Bidding- single envelope bidding procedures as specified in Public Procurement Act and Regulations.

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Physical Infrastructure Development, Koshi Pardesh, Biratnagar, Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.

Bids must be submitted to the Ministry of Physical Infrastructure Development, Koshi Pradesh, Biratnagar Nepal through PPMO website www.bolpatra.gov.np. along with payment receipt of a non- refundable fee of NRs. 3,000.00 (Three Thousand Only) on or before 22-08-2025; 12:00 hrs.

| Contract ID No. | Description of Works | Estimated Amount (incl VAT) | Cost of Bidding Documents Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| MOPID/NCB/G/001/082 | Supply and Delivery of 4 WD Pick-Up | 15,600,000.00 | 3,000.00 | 346,000.00 |

## कुवेतमा रोजगार

कम्पनी : SNACKY BEVERAGES AND FOODSTUFFS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/05 | LT. No. 327436 | चलानी नं. ६०२४१२९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 0 | 4 | 120 | ५४,०२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : ETRONIX MIDDLE EAST GENERAL TRADING LLC

पूर्व स्वीकृति मिति : २०८२/04/05 | LT. No. 327164 | चलानी नं. ६०२४१२८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1000 | ३७,४३९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 2 | 0 | 1500 | ५६,१५९ | | | | | | | |
| 3 | Stock Filler | 4 | 0 | 1500 | ५६,१५९ | | | | | | | |
| 4 | Technical Assistance | 1 | 0 | 1000 | ३७,४३९ | | | | | | | |
| 5 | Worker/Packer | 1 | 0 | 1000 | ३७,४३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

## साउदीमा रोजगार

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/04/05 | LT. No. 327465 | चलानी नं. ६०२४१२८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 14 | 0 | 1800 | ६५,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## शुद्धीकरण अध्यागमनमात्र हैन गृहमै आवश्यक

गृह मन्त्रालयले सोमबार एकैचोटि ४४ जना नयाँ शाखा अधिकृतलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा सरुवा गऱ्यो । 'मालदार' कार्यालयको रूपमा हेरिने अध्यागमनमा प्रायः रकम असुलीका काण्ड बाहिर आइरहन्छ । विदेश जाने नेपालीलाई दुःख दिने गरी रकम असुल गर्ने बेथिति धेरै अघिबाटै हो । अझ वैदेशिक रोजगारीमा जानेहरूलाई नियतबश दुःख दिने गरिन्छ ।

हालै तीर्थराज भट्टराई प्रमुख हुँदा भिजिट भिसाका रकम असुली प्रकरण बाहिर आयो । त्यसपछि गृहले मनोमानी तवरले विमानस्थलको अध्यागमनमा दरबन्दीबाट बढी अधिकृत खटाएको विषय पनि बाहिर आयो । सोही क्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह र सामान्य प्रशासन मन्त्रालयलाई यसको कारण खुलाउन निर्देशन दिएको थियो । गृहले उक्त निर्देशनको जवाफ के दियो बाहिर आएको छैन । तर यहीबीचमा अध्यागमन प्रमुख र महानिर्देशक नै फेरियो । असार ३१ गते गृहले तीर्थराजको ठाउँमा गएका विष्णुप्रसाद कोइरालालाई ५४ दिनमै सरुवा गरेको हो । महानिर्देशकमा सोही दिन गोविन्दप्रसाद रिजालको ठाउँमा गृहका प्रवक्ता रामचन्द्र तिवारीलाई पठाएको थियो । त्यसको एक हप्ता नबित्दै गृहले ४४ नयाँ अधिकृतलाई अध्यागमनमा खटाएको हो ।

गृहले अध्यागमनमा खटिएका पुराना ४४ जनालाई मन्त्रालयअन्तर्गतका अन्य निकायहरूमा पठाउने भनेको छ । विमानस्थलको अध्यागमनमा कर्मचारी सरुवाका लागि यसअघि सिण्डिकेट हुन्थ्यो । यसरी विमानस्थलमा पुग्न लाइन लागेर लामो समय पर्खनुपर्थ्यो वा गृहमन्त्री वा मन्त्रालयका उच्च तहका कर्मचारीलाई मनाउनुपर्थ्यो । यसपटक भने एकैसाथ नयाँ अधिकृतलाई खटाएको छ ।

मन्त्रालयले अध्यागमन प्रणालीमा सुधार ल्याउने उद्देश्यसहित शुद्धीकरण प्रक्रिया थालेको प्रतिक्रिया दिएको छ । हुन त सेटिङ, घुस, रकम असुलीमा कर्मचारीमात्र दोषी छैनन् । यसमा सेवाग्राही, बिचौलिया पनि उतिकै दोषी छन् । नयाँ अधिकृत भन्दैमा उनीहरू यस्ता प्रकरणमा मुछिन्नन् भन्न सकिन्न । किनभने माथिल्लो निकायको 'कोड भाषा' अनेकन सांकेतिक भाषामा पनि घुस र रकम असुली गरिन्छ । यस्तो अवस्थामा अधिकृतहरूलाई घुस वा रकम असुलीमा अभ्यस्त नबनाउने र यस्तो शुद्धीकरण जारी राख्नुपर्छ । तर शुद्धीकरणको नाममा कर्मचारीलाई हतोत्साही हुनेगरी छिनछिनमै सरुवा गर्ने काम भने गृहले गर्नुहुँदैन । सुरुमा गृह आफू शुद्ध हुनुपर्छ । गृहमन्त्री, गृहसचिव र अरु उच्च तहका कर्मचारी शुद्ध भएमात्र शुद्धीकरण अभियान प्रभावकारी हुन्छ । नभए अधिकृत फेरिएर अध्यागनमा हुने 'डिल', 'सेटिङ' रोकिने सम्भावना न्यून रहन्छ ।

# बिपी समावेशी लोकतन्त्रका प्रणेता



■ धर्मेन्द्र झा

> बिपीले जनता केन्द्रित राजनीतिका आधारमा नेपाली समाज र भूगोललाई जोड्ने कालजयी प्रयास गरेका थिए । उनले राजनीतिलाई नयाँ अर्थ प्रदान गर्ने सन्दर्भमा बहिष्करणमा परेका जात, समुदाय र भूगोललाई राज्यको मूलधारमा प्रवाहीकरण गर्ने अवधारणा कार्यान्वयनको प्रयास थालेका थिए । आज समावेशीका नाममा राजनीति गर्नेहरूले बुझ्नु जरुरी छ, बिपीले उतिबेलै समावेशी सिद्धान्तको प्रतिपादनमात्र होइन कार्यान्वयन नै गरेका थिए र राष्ट्र निर्माणको प्रक्रियालाई दिशानिर्देश गर्ने प्रयत्न गरेका थिए ।

नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला कांग्रेसका मात्र नभएर समग्र लोकतान्त्रिक आन्दोलनका शिखर पुरुष थिए, यो भन्न कञ्जुस्याइँ गरिरहनु जरुरी छैन । उनी यथास्थितिवादी राजनीतिका एक यथास्थितिवादी नेता थिएनन्, बरु विचार र दर्शनका आधारमा विद्यमान राजनीतिलाई गति दिनसक्ने र समयानुकूल मोड्न सक्ने तथा तार्किक निष्कर्षमा पुऱ्याउन सक्ने क्षमतायुक्त राजनेता थिए ।

राजनीतिमा विकसित प्रत्येक परिस्थितिलाई प्रजातन्त्र अनुकूल बनाउन सक्ने अद्भूत क्षमता र व्यवहार कुशलता भएका अन्तर्राष्ट्रियस्तरको राजनेताका रूपमा उनी सुपरिचित भए । नेपालको राजनीतिमा बिपी कोइराला एउटा व्यक्तिमात्र नभएर युगद्रष्टा पनि थिए भनेर भनियो भने अतिशयोक्ति हुने छैन । जतिबेला नेपालको समाज विकसित भइसकेको थिएन उनले उतिबेलै मुलुकको समृद्धिको सपना देखिसकेका थिए । सपना देख्नेमात्र होइन, त्यसलाई कार्यान्वयन गर्ने परिकल्पनासहितको योजनाको खाका पनि बनाइसकेका थिए । नेपालका सन्दर्भमा झण्डै १८ महिने उनको प्रधानमन्त्रित्वकाल प्रजातन्त्रका लागि स्वर्णकाल मानिन्छ । यो अवधि देशको आधुनिकीकरण अनि विकासको दिशामा एउटा प्रस्थानबिन्दु मात्रै थिएन, बरु त्यो प्रस्ट दृष्टिकोण र दूर दृष्टिपूर्ण राजनीतिको एउटा सुरूआत पनि थियो भन्दा अस्वाभाविक हुँदैन । उनको नेतृत्वमा समाजवादको मौलिकीकरण अनि सिद्धान्तको राजनीतिको गर्भरचना हुन सकेको थियो र देशको एउटा भविष्यरेखा कोरिएको थियो । आज नेपाली राजनीतिमा त्यो नै बिपी चिनाउने एउटा विम्ब बनेको छ । यतिमात्र होइन, आज नेपालको विकासको खाकाको बिपीकै चिन्तनमा आधारित छ भन्दा असंगत ठहर्दैन ।

आर्थिक रूपान्तरण गरी जनताको जीवनस्तर माथि नउठाएसम्म लोकतन्त्र फलदायी हुन सक्दैन र लोकतन्त्रको अभावमा देशको विकासले कोल्टो फेर्न असम्भव हुने दर्शनका आधारमा उनले उद्योग, कलकारखाना स्थापनामा जोड दिएका थिए । उनले जनता केन्द्रित राजनीतिका आधारमा नेपाली समाज र भूगोललाई जोड्ने कालजयी प्रयास गरेका थिए । उनले राजनीतिलाई नयाँ अर्थ प्रदान गर्ने सन्दर्भमा बहिष्करणमा परेका जात, समुदाय र भूगोललाई राज्यको मूलधारमा प्रवाहीकरण गर्ने अवधारणा कार्यान्वयनको प्रयास थालेका थिए । आज समावेशीका नाममा राजनीति गर्नेहरूले बुझ्नु जरुरी छ, बिपीले उतिबेलै समावेशी सिद्धान्तको प्रतिपादनमात्र होइन कार्यान्वयन नै गरेका थिए र राष्ट्र निर्माणको प्रक्रियालाई दिशानिर्देश गर्ने प्रयत्न गरेका थिए । आज समावेशीकरणको कुरा जति भएको छ, त्यसको आधार बिपीले २०१५ सालमै खडा गरिसकेका थिए । उनको मन्त्रीमण्डल, उनले नियुक्ति गरेका व्यक्तिहरूलाई हेर्दा देशको सबै भूगोल, जातजाति, वर्ग समुदायको प्रतिनिधित्व भएको पाइन्छ । यस आधारमा भन्न सकिन्छ कि समावेशीकरणका माध्यमले उनले सामाजिक न्यायमा पनि जोड दिएका थिए । उनीपछिका दिनमा यो अवधारणाको कार्यान्वयनले सार्थक अर्थमा निरन्तरता प्राप्त गर्न सकेन ।

नेपालको राजनीतिक विकासक्रमलाई मिहीन ढंगले विश्लेषण गरिएको खण्डमा उनको समयमा नेपालको राजनीति एउटा खास भूगोल र क्षेत्रमै सीमित रहेको पाउन सकिन्छ । उनले यस अवस्थामा परिवर्तन खोजे । समाजको यथार्थलाई राम्ररी बुझेका उनले बहुलवादमा आधारित समाजवादको नीति तय गरेका थिए । उनले सोहीअनुसारको नीति, योजना र कार्यक्रमहरू ल्याएबाट यो तथ्यको पुष्टि हुन्छ । यसको एउटा मुख्य उदाहरण भूमि सुधारलाई मान्न सकिन्छ । अहिले देशमा भूमि व्यवस्थासम्बन्धी जे जति काम हुन सकेका छन्, उनकै नीतिमा आधारित रहेका छन् ।

बिपी चिन्तनको विश्लेषणका आधारमा भन्न सकिन्छ, उनका लागि आधारभूत मानवीय मूल्य भनेको समानतामा आधारित सिद्धान्त थियो । उनमा यो अवस्था प्रजातान्त्रिक पद्धति र समाजवादबाट हासिल हुन्छ भन्ने दृढ विश्वास थियो । कुनै दुईमत हुन सक्दैन, बिपीको यही दृढता नै आजको नेपाली राजनीतिको मार्गदर्शनको सिद्धान्त हो । त्यो बेला नेपाली कांग्रेसले अख्तियार गरेका धेरै नीतिहरू कांग्रेसको गर्भसिद्धान्त अर्थात् समाजवादी दर्शनका विम्ब हुन् । त्यसअघि वीरगञ्जमा सम्पन्न नेपाली कांग्रेसको छैटौं महाधिवेशनले प्रजातान्त्रिक समाजवादको सिद्धान्तलाई पार्टीको मूल सिद्धान्तका रूपमा प्राणप्रतिष्ठा गरेको थियो । यही महाधिवेशनमा बिपीले प्रस्तुत गरेको समाजवादी समाज निर्माणका लागि राष्ट्रिय योजना समिति निर्माण गर्नेलगायत विभिन्न १८ वटा प्रस्ताव पारित गरेको थियो । उनले त्यतिबेला समाजवादी व्यवस्था प्रजातन्त्रात्मक साधन र उपायबाट प्राप्त गर्न संकल्प गरेका छौं भनेका थिए । आज पनि यसैको जगमा नेपाली कांग्रेस बाँचिरहेको छ ।

राजनीतिक दृष्टिकोण र बदलिँदो विश्व राजनीतिका कारण राष्ट्र निर्माणका लागि राष्ट्रिय एकताको आवश्यकता जहिले पनि पर्दछ । लोकतन्त्रलाई सञ्चालन गराउने केही आवश्यकीय संरचनाहरूको कल्पना उनले पहिले नै गरेका थिए । जस्तै, प्रेस स्वतन्त्र नभएसम्म लोकतन्त्र बलियो हुन सक्दैन भन्ने उनको प्रस्ट बुझाइ थियो । प्रजातन्त्रको स्थापना र संरक्षणमा आजीवन संघर्ष गरेका बिपी कोइरालाले प्रजातन्त्र र आर्थिक उन्नतिका लागि समाजवादका नाममा अघि सारेका दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ । उनको विश्वास थियो, यस्तो सामूहिक अभियानले नेपाली जनताको भावनात्मक एकताको संस्थागत आधार तयार पार्छ ।

बिपीको राजनीतिक दूरदर्शिता उनको मेलमिलापको नीतिबाट छर्लंग हुन्छ । उनी ३० डिसेम्बर १९७६ अर्थात् २०३३ पुस १६ का दिन भारत निर्वासनबाट स्वदेश फर्किएका थिए । निर्वासनको यो आठ वर्ष बिपीका लागि अत्यन्त कष्टपूर्ण, कठिन र संघर्षयुक्त रहेका थिए । निर्वासनबाट स्वदेश फर्कनु स्वयं बिपीका लागि, नेपाली कांग्रेसका लागि र समग्रमा नेपालका लागि निकै महत्त्वपूर्ण राजनीतिक खुड्किलो रहेको त्यसबेला स्वीकार गरिएको थियो । यो नीति अहिले पनि सान्दर्भिक र सामयिक छ । निकै जोखिम मोलेर नेपाल फर्कने सन्दर्भ बिपीको निकै ठूलो साहसिक निर्णय थियो । तत्कालीन राजनीतिक अवस्थाको विश्लेषण गर्ने हो भने यो जोखिमको अनुमान सहजै गर्न सकिन्छ । मृत्युदण्डसमेत हुनसक्ने प्रकृतिका आठवटा मुद्दा खेपिरहेका बिपीका लागि स्वदेश आगमनको निर्णय कम जोखिमपूर्ण थिएन । तर बिपी देश, प्रजातन्त्र र राष्ट्रियताको सम्वर्द्धनको उद्देश्य राखी स्वदेश फर्किए । यो उनको राजनीतिक दूरदर्शिता थियो । राष्ट्रियता, प्रजातन्त्र र आर्थिक समृद्धि 'राष्ट्रिय एकता तथा मेलमिलाप'बाट मात्रै सुनिश्चित हुनसक्छ भन्ने उनको सोचलाई सबैले आत्मसात् गर्नु आवश्यक छ । राष्ट्रिय एकता सम्पूर्ण नेपाली जनताको सामूहिक प्रयासबाट हुने अभियान र कार्यले मात्र स्थापित हुन्छ ।

आज नेपालमा राजतन्त्र छैन । कम्युनिस्ट आन्दोलन पनि हिजोको अवस्थामा छैन । विश्वमा असंलग्न आन्दोलन कमजोर भएको छ र प्रत्यक्षतः शीतयुद्धको अवस्था छैन । यस्तोमा प्रश्न उठ्छ, के बिपीको राष्ट्रिय मेलमिलापको नीति आजको अवस्थामा पनि सान्दर्भिक छ ? नेपालमा उदारवादी राजनीतिको प्रणेता मानिने बिपी र नेपाली कांग्रेसको यो नीति आज नेपाललगायत विश्वमा कट्टरपन्थले स्थान ओगटिरहेको अवस्थामा औचित्य छ ? यसको एउटै जवाफ हो, छ । देश आज संघीयतामा गएको छ । नयाँ संविधान कार्यान्वयनको अवस्थामा छ । हिजोको भन्दा फरक राजनीतिक अवस्था छ । राजनीतिमा नयाँ पात्र र विचारको उदय भएको छ । भूराजनीतिक अवस्था संवेदनशील छ । यस्तो अवस्थामा सायद नेपालको राजनीति र समग्र अवस्था हिजोको भन्दा जटिल छ । यस्तोमा उनले देखाएको मेलमिलापको बाटोको सान्दर्भिकता अझ बढेर गएको कुरामा दुई मत हुन सक्दैन । नेपालको विकास अपरिहार्य रहेको अवस्थामा नेपालका सबैथरि राजनीतिक शक्तिका बीच न्यूनतम समझदारीको आवश्यकतालाई अस्वीकार गर्न सकिँदैन ।

दुर्भाग्यवश उनले आफूले थालनी गरेका कार्यक्रम, योजना र नीतिहरूको कार्यान्वयन गर्न लामो समय पाएनन् । केही वर्ष उनले आफ्नो सोचअनुसार काम गर्न पाएको भए विश्वका अन्य धेरै राष्ट्रहरूले जसरी समृद्ध बन्न सके, नेपालले पनि त्यही गति समात्न सक्ने थियो । त्यहीँबाटै मुलुकले लामो समयसम्म सही बाटो पहिल्याउन सकेन । फलस्वरूप नेपालले एकदलीय निरंकुशता, सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता भोग्नुपऱ्यो । अब मुलुकमा लोकतन्त्र छ, उनको उत्तराधिकारीमाथि उनको त्यो सपना पूरा गर्नुपर्ने दायित्व थपिएको छ ।

बिपीका नारा र समाजवादको मन्त्र पढेर अनि कोरा अक्षरमा बिपीको नाम पुकारेर उनले देखेको सपना र उनले हाम्रो काँधमाथि छोडेर गएको लक्ष्यको भारीलाई हामीले गन्तव्यसम्म कहिल्यै पुऱ्याउन सक्दैनौं । बिपीले यो धर्ती छोडेको ४२ वर्ष पुगिसकेको छ । तथापि हामीलाई उनले छोडेर गएका कतिपय नीति, सिद्धान्त र आदर्शहरू युगौंयुगसम्म पनि हामीसँगै रहने छन् । *रासस*

श्रम सरोकार

## वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

पाठक मञ्च

# राजनीतिक दलः आफू काम नगर्ने, अरूले गरेको देखिनसहने !

नेपालीमा एउटा उखान छ- बाँदरले आफ्नो घर पनि बनाउँदैन, अरुको पनि बनाउन दिँदैन ।

पछिल्लो समय त्यस्तै प्रवृत्तिको विकास हुँदै गएको छ । पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू आफू त सिन्को भाँच्दैनन्, स्वतन्त्रलाई पनि काम गर्न दिँदैनन् । जसको उदाहरण हो, काठमाडौं महानगरपालिका ।

मेयर बालेन्द्र साहले केही वर्ष अगाडि वडा नम्बर २४, न्युरोडमा फुटपाथ बढाउने निर्णय गरे । त्यहाँको फुटपाथ साँघुरो भएको गुनासो आएपछि विस्तारको निर्णय गरेर काम थालियो । वडा नम्बर २४ सँग सरोकार नै नभएका अर्का वडाका वडाध्यक्ष चिनीकाजी महर्जनले स्थानीयलाई उचाले ।

फुटपाथ विस्तार गर्दा सडक साँघुरो हुने, न्युरोडको मौलिकता मेटिने भन्दै धेरै दिन आन्दोलन पनि गरियो । उपमेयर सुनिता डंगोल पनि त्यहाँ फुटपाथ विस्तार गर्न नदिने पक्षमा देखिन्थिन् । उपमेयर र वडाध्यक्ष त नेकपा एमालेकै थिए, साथै तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ पनि एमालेकै थिए ।

जसका कारण फुटपाथ बढाउन खनिएको सडक पनि रातारात पिच गरियो । फुटपाथ विस्तार गर्नुअघि त्यहाँ पार्किङ थियो । तत्कालीन मेयर विद्यासुन्दर शाक्यको पालामा त्यहाँ पार्किङको ठेक्का दिइएको थियो । जसका कारण सडक अस्तव्यस्त बनेको थियो । एक घण्टा दुई पांग्रे पार्किङ गरेको ५० र चार पांग्रेको ३०० रूपैयाँ असुलिन्थ्यो ।

यसरी एकदिनमै करोडौं रूपैयाँ उठाइन्थ्यो । जुन पैसा एमालेको वडाध्यक्षदेखि मन्त्रीसम्म पुग्थ्यो । त्यो उठाउन नपाउने भएपछि गरिएको विरोध थियो त्यो । शाक्यकै योजनामा त्यहाँ आन्दोलन भयो । अस्तव्यस्त पार्किङ राख्दा साँघुरो नभएको सडक फुटपाथ विस्तार गर्दा साँघुरो हुन्छ भन्दै विरोध जनाइयो ।

तर, वास्तविक कारण भने पार्किङ राख्न आउने रकम बन्द हुने भएपछि उनीहरू अतालिएका थिए । पछि महानगर उच्च अदालत पाटन गयो । उच्चले फुटपाथ विस्तारको लागि बाटो खोलिदियो । अहिले न्युरोडमा फुटपाथ विस्तार भएको छ । न्युरोड क्षेत्र एकदमै सुन्दर देखिएको छ ।

न्युरोड विदेशजस्तै देखिन्छ । अर्कोतर्फ स्वदेशी र विदेशीलाई नै आवतजावतमा सहज भएको छ । पहिले एकअर्कासँग ठोक्किँदै हिँड्नुपर्ने बाध्यता थियो । बालेनकै कारण त्यहाँ फुटपाथ बन्न सफल भयो । बालेन स्वतन्त्रबाट निर्वाचित मेयर हुन् । उनलाई पार्टीसँग कुनै सरोकार छैन ।

उनी कसैको दबाब र प्रभावमा नपरिकन काम गर्छन् । तर, पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरू काम गर्दैनन् । क्षमता भए पनि आफ्नो भोट गुम्ने डरले उनीहरू काममा चासो देखाउँदैनन् । न कर उठाउँछन् न सरकारी, गुठी, ऐलानी जग्गा खोज्छन् । राज्यलाई हानिनोक्सानी पुऱ्याएर भए पनि उनीहरूलाई भोट चाहिएको छ ।

२०७९ मंसिर १२ गते काठमाडौं महानगर प्रहरी बलको टोली थापाथलीस्थित सुकुम्बासी बस्ती हटाउन डोजर लिएर पुग्यो । त्यसको केही दिनपछि तीनकुनेको गैरीगाउँमा नगरप्रहरी र डोजर सुकुम्बासी बस्ती हटाउन पुग्यो । तर, एमालेले आफ्ना कार्यकर्ता उचाल्यो । खुकुरी लिएर सुकुम्बासीहरू विरोधमा उत्रिए । महानगर प्रहरी र डोजरमाथि आक्रमण भयो ।

महानगरले सुकुम्बासी बस्ती हटाउनका लागि गृह मन्त्रालयसँग सहयोग माग्यो । त्यतिबेला प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री बालकृष्ण खाण थिए । तर, उनीहरूले सहयोग गरेनन् । प्रहरी खटाइदिएको भए, त्यतिबेलै सुकुम्बासी बस्ती हट्थ्यो । यद्यपि, आफ्नो भोट बैंकलाई उनीहरूले किन हटाउँथे ।

उनीहरूलाई विभिन्न आश्वासन बाँडेर पार्टीहरूले हरेक चुनावमा भोट बटुल्दै आएका छन् । केपी शर्मा ओली नेतृत्वको सरकारले अहिले सदनमा एउटा विधेयक लगेका छन् । त्यो हो-भूमि विधेयक । सुकुम्बासी नाममा हुकुम्बासीलाई लालपुर्जा दिने, तालपोखरी, गुठी, ऐलानी, वनजंगल, खोला, हदम्यादभन्दा बढी जग्गा व्यक्तिको नाममा लैजाने विवादास्पद विधेयक सदनमा दर्ता भइसकेको छ ।

काठमाडौं क्षेत्र नम्बर १ को जनप्रतिनिधि प्रकाशमान सिंह हुन् । उनी वर्तमान सहरी विकासमन्त्री छन् । पुतलीसडकबाट आउँदा बाँसघारीमूनि, कालिकास्थान, घट्टेकुलो, अनामनगर, हनुमानस्थान, बिजुलीबजार, काठमाडौं सिडिओ कार्यालय, अन्नपूर्ण न्युरो अस्पताल बसेको जग्गा सरकारी भएको बूढापाकाहरू बताउँछन् ।

सरकारले घोडा पाल्न भनी छुट्याएको जग्गामा अहिले घरैघर छ । यो ठाउँको जग्गा आनाकै एकदेखि तीन करोड रूपैयाँ पर्छ । २०४६ सालमा पञ्चायती व्यवस्था ढलेर बहुदलीय व्यवस्था आयो । अन्तरिम सरकारको प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले सिंहदरबारपछाडिको बाटो खोलिदिए ।

त्यसपछि त्यहाँको सबै जग्गा व्यक्तिको नाममा गयो । २०२९ सालमा धोबीखोला बगेर घट्टेकुला चोकसम्म आइपुग्थ्यो भन्नेहरू अहिले पनि छन् । व्यक्तिको नाममा गएको सम्पत्ति सरकारको नाममा ल्याउनुपर्नेमा ओलीले बाँकी भएको पनि दिन खोजिरहँदा सांसदहरू चुइक्क बोल्दैनन् ।

यता, खोलाको दायाँबायाँ ४० मिटर छोड्नुपर्ने भनी सर्वोच्च अदालतले २०८० पुस २३ गते फैसला गरेको थियो । त्यसपछि महानगरले कार्यान्वयनका लागि सूचना जारी गऱ्यो । तर, एमालेले कार्यान्वयन गर्न दिएन ।

हुन त एमालेका सांसद ओलीको कठपुतली नै भइहाले । ओलीले जे भन्छन्, उनीहरूलाई त्यहीँ ठीक । काठमाडौंका मेयर बालेन र महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले काम गर्न खोजेका हुन् । तर, उपमेयर र पार्टीबाट निर्वाचित वडाध्यक्षहरू अवरोध बनिदिए । राजनीतिक दलको नेताहरूको दाउ नै देश र जनता बेच्ने, आफू मोटाउने हो ।

जनता विदेशमा बेचेका छन् । उनीहरूले रेमिटयान्स पठाउँछन्, त्यसमा मोजमस्ती गर्ने । नेपालको भूभाग छिमेकीलाई बेचेर पनि खाने । खोलानाला, सरकारी, ऐलानी, गुठी, सार्वजनिक, मठमन्दिर, आर्यघाटको जग्गा पनि बेचेर खाने । विकासको नारा लगाउने, देशै सकाउने दलालहरूलाई अब जनताले चिनिराख्नुपर्छ ।

- **अनुसा थापा**, भक्तपुर

# झापा जिल्ला गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धि आदेश, २०८१ अनुसार समितिको कार्यालयबाट हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**मिति २०८२ साउन ०६ गते समितिको निर्णय अनुसार**

झापा जिल्ला साविक महारानीझोडा गा.वि.स. हाल गौरादह नगरपालिका वडा नं. ४ र ५ मा विशेष नापी कार्यालय झापा, दमक बाट मिति २०७३/०३/०५ देखि नाप नक्साको काम प्रारम्भ गरि आ.ब.२०७४/०७५ मा नाप नक्सा सम्पन्न भई मिति २०७६/०६/१० गते ७ दिने सूचना प्रकाशित भई म्याद भित्र जग्गाधनिहरूले आफ्नो नाममा जग्गा दर्ता गरि पाँऊ भनि निवेदन गरेको र मिति २०८१/०४/२४ गते नेपाल राजपत्रमा प्रकाशित "झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गत को जग्गा दर्ता सम्बन्धि आदेश, २०८१" को बुँदा नं. ६ (क) बमोजिम तपशिलका जग्गाधनि र जग्गाको विवरण समावेश गरि हक दावी सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ ।

प्रकाशित सूचना बमोजिम निवेदकको माग निवेदन अनुसार जग्गा दर्ता गर्न मिल्ने हो/होईन ? निवेदकको नाममा जग्गा दर्ता गरिदिए अन्य कसैको हक भोगमा असर पर्छ/पर्दैन ? उल्लेखित जग्गा साविक लगत अनुसार निवेदकको नाम मा दर्ता हुन पर्ने हो/होईन ? प्रस्तुत जग्गा सरकारी/सार्वजनिक ऐलानि/पर्ति पर्छ/पर्दैन ? निवेदकको नाममा जग्गा दर्ता गरि जग्गाधनि प्रमाण पुर्जा उपलब्ध गराउन नहुने अन्य कुनै कारण/प्रमाण भए तथा उक्त जग्गाहरूको हक भोग सम्बन्धमा कुनै विवाद भएमा आवश्यक प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र समितिको कार्यालयमा उपस्थित भई हकदावि गर्न सबैमा जानकारी गरिएको छ । तोकिएको म्याद भित्र कोहि कसैको दाबि बिरोध नपरे तपशिलमा उल्लेखित निवेदक जग्गाधनिहरूको नाममा प्रचलित कानून र जग्गादर्ता सम्बन्धि आदेश, २०८१ बमोजिम जग्गा दर्ता भई जाने व्यहोरा अनुरोध छ ।

| सि. नं. | जग्गाधनिको नाम थर | बाबु | बाजे पति | वडा नं. | कि.नं. | क्षे.फ. (बर्ग मिटर) | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नि.द.नं. | साबिक सिट गौरादह |
| १ | गंगा प्रसाद वजगाई | अनन्तलाल वजगाई | डिल्लिराम वजगाई | ४ | ४२६४<br>४९४६<br>४२६३ | १९८४.६९५<br>१३२४.६७४<br>५६८.५६१ | २३१५ | ९ (क) ४८०,४८१,५२२ |
| २ | इन्द्र प्रसाद वजगाई | गंगा प्रसाद वजगाई | अनन्तलाल वजगाइ | ४ | ४२६४<br>४९४६<br>४२६३ | ४८२५.१९३<br>३७१३.५०२<br>१३१८.४८६ | २३१८ | ९ (क) ४८०,४८१,५२२ |
| ३ | ज्ञानेन्द्र कार्की | जय वहादुर कार्की | बम कार्की | ४ | ३७१३ | ५८४.७६३ | २१५० | ८ (क) १०५५ |
| ४ | गोपाल कार्की | मान बहादुर कार्की | जगदिप कार्की | ४ | ३९९१<br>३९९३<br>३९९२<br>४६०८ | ७१५.३३३<br>१६१६३.८८३<br>१६९९.५८५<br>१९९.१४८ | २३०० | ८ (क) १२४३,<br>१२४२,१२४३ |
| ५ | हस्ते थिर कुमारी राई | तामान सिहं राई | सम्वत बहादुर राई | ४ | ३७०३ | ८३७५.७०८ | २४९२ | ८ (क) |
| ६ | ज्ञान माया जोगी | पुर्ण बहादुर जोगी | बाबु राम जोगी | ४ | ३७०३ | ८३७५.७०८ | २४८९ | ८ (क) |
| ७ | देउ कुमार राई | शिव कुमार | रूप बहादुर | ४ | २२५५ | ८१०२.४४ | २५४० | ८ (क) |
| ८ | उत्तम कुमार राई | कर्ण बहादुर राई | विचार सिहं राई | ४ | ३७०३ | ८३७५.७०८ | २४९३ | ८ (क) |
| ९ | कोपिला राई | वावुराम जोगी | धन कुमार राई | ४ | ३७०३ | ८३७५.७०९ | २४९४ | ८ (क) |
| १० | लोक कुमारी वास्तोला | रविलाल धमला | डणहरी वास्तोला | ४ | १९९४ | २६९४.२०७ | २५०६ | ८ (क) ६४० |
| ११ | कृष्ण प्रसाद सापकोटा समेत | शेषराज सापकोटा | नुर प्रसाद सापकोटा | ४ | २१९७ | ६३२.८ | २५०४ | ९ (क) ७६८ |
| १२ | गायत्रा देवी थापा | वम बहादुर थापा | खेमराज चापागाई | ४ | १९८६ | १५९७.८२ | २५०५ | ९ (क) ६४१,६५० |
| १३ | काशिराम गौतम | बनारसी गौतम | गणपती | ४ | २१२५<br>२०७० | ७६८.४६५<br>६८४०.६०६ | २५०२ | ९ (क) ७१५,७१८ |
| १४ | लिलानाथ घिमिरे | धर्मलाल घिमिरे | पदमलाल घिमिरे | ४ | २१७७<br>२१७९<br>५३५४ | २५८६.९५<br>४१८८.४६४<br>३१८३.२७४ | १३१९ | ९ (क) ७४६,७५२,<br>७५०,७५३ |
| १५ | सपना कार्की | फौद बहादुर कार्की | भोज कुमारी कार्की | ४ | ४१०८<br>४११० | ३५८२.८०६<br>९७९.५९८ | २४८४ | ८ (क) १०४४ |
| १६ | शकुन्तला कार्की | लिला बहादुर कटुवाल | मचिन्द्र कार्की | ४ | १८५०<br>१९१६ | ८६६०.०३३<br>८३२१.२३ | २५१६ | ९ (क) ४०८,४०९ |
| १७ | सिता खड्का | गंगा बहादुर कटुवाल | सुरेन्द्र बहादुर खड्का | ४ | २१५७ | १६४७.७८ | २४६३ | ९ (क) ७३९,७३५ |
| १८ | पुष्प बहादुर दर्जी<br>दुर्गा कुमार नेपाली | डम्बरे दमाई | धन मान दमाई | ४ | २०५६ | ४६६१.९५३ | २४६२ | ९ (क) ६६१ |
| १९ | गोपाल कार्की | मान बहादुर कार्की | जगदिप कार्की | ४ | ३९९१<br>३९९३<br>३९९२<br>४६०८ | ७१५.३३३<br>१६१६३.८८३<br>१६९९.५८५<br>१९९.१४८ | २३०० | ८ (क) १२४३,<br>१२४२,१२४३ |
| २० | हस्ते थिर कुमारी राई | तामान सिहं राई | सम्वत बहादुर राई | ४ | ३७०३ | ८३७५.७०८ | २४९२ | ८ (क) |
| २१ | ज्ञान माया जोगी | पुर्ण बहादुर जोगी | बाबु राम जोगी | ४ | ३७०३ | ८३७५.७०८ | २४८९ | ८ (क) |
| २२ | देउ कुमार राई | शिव कुमार | रूप बहादुर | ४ | २२५५ | ८१०२.४४ | २५४० | ८ (क) |
| २३ | देउ कुमार राई | शिव कुमार | रूप बहादुर | ४ | २२५५ | ८१०२.४४ | २५४० | ८ (क) |
| २४ | उत्तम कुमार राई | कर्ण बहादुर राई | विचार सिहं राई | ४ | ३७०३ | ८३७५.७०८ | २४९३ | ८ (क) |
| २५ | कोपिला राई | वावुराम जोगी | धन कुमार राई | ४ | ३७०३ | ८३७५.७०९ | २४९४ | ८ (क) |
| २६ | लोक कुमारी वास्तोला | रविलाल धमला | डणहरी वास्तोला | ४ | १९९४ | २६९४.२०७ | २५०६ | ८ (क) ६४० |
| २७ | कृष्ण प्रसाद सापकोटा समेत | शेषराज सापकोटा | नुर प्रसाद सापकोटा | ४ | २१९७ | ६३२.८ | २५०४ | ९ (क) ७६८ |
| २८ | गायत्रा देवी थापा | वम बहादुर थापा | खेमराज चापागाई | ४ | १९८६ | १५९७.८२ | २५०५ | ९ (क) ६४१,६५० |
| २९ | काशिराम गौतम | बनारसी गौतम | गणपती | ४ | २१२५<br>२०७० | ७६८.४६५<br>६८४०.६०६ | २५०२ | ९ (क) ७१५,७१८ |
| ३० | लिलानाथ घिमिरे | धर्मलाल घिमिरे | पदमलाल घिमिरे | ४ | २१७७<br>२१७९<br>५३५४ | २५८६.९५<br>४१८८.४६४<br>३१८३.२७४ | १३१९ | ९ (क) ७४६, ७५२,<br>७५०, ७५३ |
| ३१ | शकुन्तला कार्की | लिला बहादुर कटुवाल | मचिन्द्र कार्की | ४ | १८५०<br>१९१६ | ८६६०.०३३<br>८३२१.२३ | २५१६ | ९ (क) ४०८,४०९ |
| ३२ | सपना कार्की | फौद बहादुर कार्की | भोज कुमारी कार्की | ४ | ४१०८<br>४११० | ३५८२.८०६<br>९७९.५९८ | २४८४ | ८ (क) १०४४ |
| ३३ | सिता खड्का | गंगा बहादुर कटुवाल | सुरेन्द्र बहादुर खड्का | ४ | २१५७ | १६४७.७८ | २४६३ | ९ (क) ७३९,७३५ |
| ३४ | पुष्प बहादुर दर्जी<br>दुर्गा कुमार नेपाली | डम्बरे दमाई | धन मान दमाई | ४ | २०५६ | ४६६१.९५३ | २४६२ | ९ (क) ६६१ |
| ३५ | राम बहादुर गुरुङ्ग | कुल बहादुर गुरुङ्ग | हर्क विर गुरुङ्ग | ४ | २१२९<br>५१४५ | २०६६.०८<br>२८०९.५० | २४६५ | ९ (क) ७२२ |
| ३६ | टंक बहादुर अधिकारी | दिल बहादुर | नर ध्वज | ४ | ३६६३<br>३६६७ | ४०७८.५६<br>४९७९.३७ | २५१४ | ८ (क) ११५५,११५७ |
| ३७ | मदन दुलाल | जयराम दुलाल | टिकाराम दुलाल | ४ | २१०६ | २७११.२६ | २५१२ | ९ (क) ६८१ |
| ३८ | प्रकाश नेउपाने | रघुनाथ नेउपाने | पर्शुराम नेउपाने | ४ | ७२१ | २०९६.६६ | २४२९ | १ (ख) ५९८ |
| ३९ | सर्मीला पौडेल | हरि प्रसाद पौडेल | पतिःभिम प्रसाद पौडेल | ४ | ७०८ | ९६८.८६ | १२११ | १ (ख) १२६६ |
| ४० | गोमा देवी पौडेल | देवी प्रसाद खनाल | होमनाथ पौडेल | ४ | ७७८ | २९१२.१३ | २६७४ | १ (ख) १५६९ |
| ४१ | माया ढकाल | लेखनाथ न्यौपाने | राजेन्द्र ढकाल | ४ | ७२३ | १६६१.८५२ | ३२०९ | १ (ख) १६३८ |
| ४२ | टेकनाथ फुँयल | शसीधर फुँयल | श्रीलाल फुँयल | ४ | ५७२ | ४०६६.५ | २१२८ | १ (ख) १०५२,१०५५ |
| ४३ | खगेन्द्र भण्डारी | हेमराज भण्डारी | चन्द्र वहादुर भण्डारी | ४ | ५६३ | १४३९.१९ | १२०५ | १ (ख) ९४७ |
| ४४ | तुल्सी प्रसाद दाहाल | हरि नारायण दाहाल | कृष्णलाल | ४ | ७३७ | १९०६.७ | ९६ | १ (ख) १२९४ |
| ४५ | पदम प्रसाद भट्टराई | देवी प्रसाद भट्टराई | पशुपति भट्टराई | ४ | ७६५ | ५१९३.३९ | ३७ | १ (ख) ७५४,१५८१,१५७८ |
| ४६ | नन्दलाल आचार्य | पुष्पलाल आचार्य | छविलाल | ४ | ७३४<br>४४९२ | ३३६०.८८<br>१२३.५६ | ३१११ | १ (ख) २७९ |
| ४७ | कमला नेउपाने | मोतीलाल गौतम | पतिःहोमनाथ न्यौपाने | ४ | ७४८ | ३५९७.९९ | २१११ | १ (ख) ७२०,९५० |
| ४८ | सावित्रा देवी गौतम | प्रभानन्द गौतम | पतिःचन्द्र प्रसाद फुयल | ४ | ७७७ | २२५१.५६ | ३०११ | १ (ख) १३२२,१३२३,<br>११९६,१५६७ |
| ४९ | रमण कला न्यौपाने भट्टराई | लक्ष्मी नारायण न्यौपाने | पतिःपर्शुराम भट्टराई | ४ | ७६८ | २८७.७ | ३००७ | १ (ख) ११२९ |
| ५० | रथवती राजवंशी | टाटका राजवंशी | पतिःगुरुङ्ग राजवंशी | ४ | ७५६ | १६५५.३७ | २१७९ | १ (ख) १२१७ |
| ५१ | भागीमाया वराल | तुलसीराम गौतम | पतिःनन्दराज वराल | ४ | ७१३ | ४३६०.८४ | ३०२८ | १ (ख) २७४,<br>५७४, ५७७,५७८ |
| ५२ | प्रेम कुमारी घिमिरे | जगन्नाथ उपाध्याय | पतिःसान्ती वहादुर घिमिरे | ४ | ७११<br>७४१ | ७५८४.०६<br>१३५३.०२ | २३१७ | १ (ख) ४००,१४९३ |
| ५३ | केशव पौडेल<br>अन्जना अधिकारी | दाता राम | श्रीनारायण पौडेल<br>पतिःहरि अधिकारी | ४ | ७१२ | ६०११.२२ | २९२९ | १ (ख) ११९३ |
| ५४ | मिना कुमारी थपलिया | त्रिलोचन प्रसाई | पतिःउमाकान्त थपलिया | ४ | ७२८ | २७७६.४५ | २१५४ | १ (ख) १६३१,१६३३,१६३२ |
| ५५ | महावती राजवंशी | गोगलाल राजवंशी | पतिःगंगा प्रसाद राजवंशी | ४ | ७६९ | २३१८.८४ | २१०७ | १ (ख) १३४२ |
| ५६ | पदमा कुमारी श्रेष्ठ(संरक्षक)<br>उत्तम श्रेष्ठ(नाबालक) | जय वहादुर श्रेष्ठ<br>ओम वहादुर श्रेष्ठ | पतिःओम वहादुर श्रेष्ठ<br>मान वहादुर श्रेष्ठ | ४ | ७८६ | ३६०६.३९ | १४५९ | १ (ख) १२०५,१२०७ |
| ५७ | धनमाया श्रेष्ठ | विर वहादुर | मान वहादुर | ४ | ७८८ | ३६२८.३९ | १४२४ | १ (ख) १२०८ |
| ५८ | सोवितमान पौडेल क्षेत्री | खड्ग वहादुर | हस्त वहादुर | ४ | ७७०<br>७७२<br>७७३ | ९६०.११<br>१०९२.९२<br>४१६.१५ | २९०३ | १ (ख) ११२३,११२४,१३४१ |
| ५९ | दुर्गा प्रसाद पौडेल | पर्शुराम पौडेल | नन्दलाल | ४ | ७४५ | २७८२.६४ | २९९० | १ (ख) २४४६ |
| ६० | प्रेम लाल दर्जी | दुर्गा लाल दर्जी | दधिराम | ४ | ७३२ | ३६७३.७ | २२२४ | १ (ख) १३३९,१३४० |
| ६१ | चन्द्र प्रसाद फुयल | शसीधर फुँयल | श्रीलाल फुँयल | ४ | ७७६ | २४२९.९८ | ३०१० | १ (ख) १३२१ |
| ६२ | दुर्गा प्रसाद आचार्य | पुष्पलाल आचार्य | छविलाल | ४ | ७५८<br>४४९४<br>७५५ | २६९८.८१<br>१५१.६२<br>२८२४.५४ | ३११२ | १ (ख) ८८१<br>१२१८<br>१२२० |
| ६३ | यसोदा तिम्सीना | पदम लाल पौडेल | पतिःकपिल मणी तिम्सीना | ४ | ७८४ | ६४१.७२ | २९३७ | १ (ख) १४७४ |
| ६४ | पार्वता न्यौपाने | पिताम्वर वराल | पतिःलेखनाथ न्यौपाने | ४ | ७४६ | २७८२.६४ | १०३ | १ (ख) १०१४,१०१५ |
| ६५ | सरिमाया दर्जी | ददिराम मोते | पतिःप्रेमलाल दर्जी | ४ | ७७५ | ३०७.६३ | २२२३ | १ (ख) १४२६,१४२७ |
| ६६ | लक्ष्मी भण्डारी | कृष्ण प्रसाद दाहाल | पतिःबोधराज भण्डारी | ४ | ७५४ | १५१७.१ | २०९३ | १ (ख) १३९० |
| ६७ | भोज प्रसाद आचार्य | पुष्पलाल आचार्य | छविलाल | ४ | ७५७<br>४४९६ | ४९२२.४४<br>६.०५ | ९ | १ (ख) ८८०,१०६४ |
| ६८ | पृथ्वी रमण थपलिया | उमाकान्त थपलिया | प्रेम प्रसाद थपलिया | ४ | ७२७ | ३६०३.७ | २१५५ | १ (ख) १६३२,१६३०,१६३४ |
| ६९ | सुश्री सुनिता राई | विनोद प्रसाद राई | पतिःविष्णु अधिकारि | ४ | ७८५ | ११०६०.९१ | २२९६ | १ (ख) १४५४,१४७५,<br>६०४,१४५३,१४५५ |
| ७० | कृष्ण कुमारी भुजुवार | टिकाराम सुनुवार | पतिःहोम प्रसाद भुजुवार | ४ | ७३१ | ४१७.११ | २१४० | १ (ख) १७५५ |

**बाँकी पृष्ठ ६ मा**

# प्रभाव दैनिक

बुधबार, ०७ साउन, २०८२ (Wednesday, 23 July 2025)


रूपशाला

## 'अवतार ३' पुसमा रिलिज हुने

हलिउड फिल्म 'अवतार : फायर एण्ड एस' (अवतार ३)को मुख्य खलनायक पात्र 'वरंग'को लुक्स सार्वजनिक गरिएको छ । निर्माण युनिटले फिल्मको एकपोष्टर सार्वजनिक गर्दै खलनायक लुक्स र प्रदर्शन मिति बाहिर ल्याएको हो । २०२५ डिसेम्बर १९ (पुस ४) मा विश्वव्यापी प्रदर्शन हुने बताइएको फिल्मका निर्देशक जेम्स क्यामरून हुन् । फिल्मको बजेट २५ करोड अमेरिकी डलर बताइएको छ । खलनायक वाराङलाई रातो र कालो श्रीपेच लगाएको देखाइएको छ । फिल्मले पाण्डोराको थप कथा देखाउनेछ ।




# मदन पुरकारका लागि सात पुस्तकको सूची सार्वजनिक

**काठमाडौं (प्रस)**– मदन पुरस्कार गुठीले विसं २०८१ को मदन पुरस्कारका लागि छनोट भएका श्रेष्ठ पुस्तकहरूको सूची आज सार्वजनिक गरेको छ ।

गुठीले मंगलबार एक विज्ञप्ति जारी गरी पुरस्कारका लागि २९९ पुस्तक प्राप्त भएकामा त्यसमध्यबाट सात पुस्तकको सूची सार्वजनिक गरेको हो ।

सूचीमा परेका पुस्तकहरूमा छुदेन काविमोको 'उरमाल', रमेश भुसालको 'छालबाटो : कैलाशदेखि गङ्गासम्म', कुमारी लामाको 'दर्ज्यु संलाप', मनप्रसाद सुब्बाको 'पञ्चतत्वको पालाम', श्रेयज सुवेदीको 'बहुरूपी', सुधीर शर्माको 'भिक्षु, व्यापार र विद्रोह (नेपालको भोट-चीन सम्बन्ध र भारत)' र तीर्थ गुरुङको 'हिउँको गीत' परेका छन् ।

गुठीका अध्यक्ष कुन्द दीक्षितले ती सात कृतिमध्ये छानिएको एक कृतिलाई २०८१ सालको मदन पुरस्कार प्रदान गरिने जानकारी गराएका छन् । उक्त पुरस्कारको राशि रु चार लाख रहेको छ ।

# साफ यू–२० उपविजेता टोली स्वदेश फर्कियो



**काठमाडौं (प्रस)**– साफ यु-२० च्याम्पियनसिपमा उपविजेता भएको नेपाली टोली मंगलबार स्वदेश फर्किएको छ । टोलीलाई लिन अखिल नेपाल फुटबल संघ (एन्फा) केन्द्रीय सदस्य तथा महिला कमिटी संयोजक सरिला श्रेष्ठ मलेकु र प्रवक्ता सुरेश शाह त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए ।

प्रतियोगितामा भुटान र श्रीलंकलाई हराएको नेपालले बंगलादेशसँग दुवै खेलमा पराजित हुँदै उपविजेतामा सीमित भएको थियो । बंगलादेशको ढाकास्थित बसुन्धरा किड्स एरिनामा सोमबार भएको लिग चरणको अन्तिम खेलमा घरेलु टोली बंगलादेशसँग नेपाल ४-० ले पराजित भयो ।

योसँगै बंगलादेशले अपराजित रहँदै १८ अंकका साथ उपाधि हात पार्‍यो । बंगलादेशसँग दुई हार बेहोरेको नेपालले ६ खेलबाट १२ अंक पुर्‍यायो । नेपालले लिग चरणमा श्रीलंकालाई समान ७ गोलले पराजित गरेको थियो । भुटानलाई ६-१ र ८-० ले पराजित गरेको बंगलादेशसँग नेपाल ३-२ ले पराजित भएको थियो ।


## पृष्ठ ५ बाट क्रमश


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७१ | लोम प्रसाद ढुंगाना | पुर्णानन्द ढुंगाना | मोहिपति ढुंगाना | ४ | ७६६ | १४७९.१ | २१८८ | १ (ख) १५७६,१५७९ |
| ७२ | पर्शुराम भट्टराई | जय नारायण भट्टराई | देव नारायण भट्टराई | ४ | ५७० | ६३३९.७ | २९४६ | १ (ख) ११७१,११७३ |
| ७३ | श्रीमती कौशल्या कुमारी पौडेल | चक्र वहादुर | पतिःसोभितमान पौडेल | ४ | ७७१ | ३८१७.०१ | २१२९ | १ (ख) ११२५,११२८ |
| ७४ | राधिका दाहाल | गुरु प्रसाद दाहाल | गायत्री न्यौपाने | ४ | ५६६<br>७४७<br>७३८<br>७३९<br>७३६<br>७३५ | ८१०.९८<br>३७२६.९१<br>५१०.८६<br>२५९२.६८<br>९१८.४७<br>१९७५.७६ | १२७ | १ (ख) १६४८<br>२४४४<br>९५१<br>१२९३<br>१३९८<br>७१९ |
| ७५ | भोला नाथ भट्टराई | लक्ष्मी प्रसाद भट्टराई | दाता राम | ४ | ७४० | ३५४०.२६ | १०० | १ (ख) १४९४ |
| ७६ | हरि कुमार कार्की | पुष्प बहादुर कार्की | तुलाराम कार्की | ४ | २४६३ | ४४००.१६ | २४४३ | ८ (ख) १५८८ |
| ७७ | सरस्वता वास्तोला | देवी प्रसाद तिम्सिना | पतिःखेमचन्द्र वास्तोला | ४ | ३०८३ | १२०४.७६६ | २४६६ | ८ (ग) १७६४ |
| ७८ | टंक बहादुर निरौला | कर्ण बहादुर निरौला | नैन सिह निरौला | ४ | ३२७० | ३३६.४११ | २४७१ | ८ (ग) १८०३ |
| ७९ | झइन्द्र खतिवडा | रविचन्द्र खतिवडा | मनोरथ खतिवडा | ४ | ३३७६ | १४१४२.८७ | २०७ | ८ (ख) १४२८,<br>१४२७,१४२८ |
| ८० | नारायण कटुवाल | सुर्य बहादुर | केशर बहादुर | ४ | २४९७<br>४७५२<br>३३८८ | ९९०.७८६<br>६९.२३९<br>६३.८०१ | २४७६ | ८ (ख) १५६६,<br>१४३५,१४३५ |
| ८१ | देवी प्रसाद ओली | इश्वरी प्रसाद | रविलाल | ४ | २९२६ | ५२७३.९५ | २७५८ | ८ (ग) २५९१ |
| ८२ | शंकर कार्की | धन बहादुर कार्की | शेर बहादुर कार्की | ४ | २९९९ | ३००६.९ | २७४६ | ८ (ग) २७८८,२७९० |
| ८३ | सोम नाथ उप्रेती | लक्ष्मि प्रसाद उप्रेती | श्री विलास | ४ | २९६५ | ४०९१.५४ | ९९४ | ८ (ग) १६८२,२७०९ |
| ८४ | युवराज अधिकारी | बल राम अधिकारी | दधिराम अधिकारी | ४ | २९९५ | ३३३४.३१ | २६५५ | ८ (ग)<br>२६१४,२६१६,२६१८ |
| ८५ | इन्द्र कुमार सार्की | पुर्ण बहादुर सार्की | गोपीमान सार्की | ४ | २९५८ | १६६०.८ | २८०३ | ८ (ग) २७६३,२७६७ |
| ८६ | अम्विका देवी सिटौला | धुर्बलाल उप्रेती | पतिः लक्ष्मि प्रसाद सिटौला | ४ | २८०६ | १०४३३.९ | १४८५ | ८ (ग) २५९९ |
| ८७ | खिमादेवि ओली | टेकनाथ उप्रेती | पतिःचन्द्र प्रसाद ओली | ४ | २९२८ | ५३९१.८१ | २७६९ | ८ (ग) २५९२ |
| ८८ | ईश्वरा प्रसाई,वेधनिधि प्रसाई | दाताराम | हरी प्रसाद | ४ | २९७२ | १०४१.७६ | ३३४१ | ८ (ग) २५४२ |
| ८९ | धन बहादुर कार्की | शेर बहादुर कार्की | हस्तविर | ४ | २९९७ | २९६९.८ | २७६१ | ८ (ग) २७४५,२७४८,२७५ |
| ९० | देवी कुमारी कटुवाल | मन बहादुर वस्नेत | पतिःडिक बहादुर कटुवाल | ४ | २९५२ | २८९१ | ९८५ | ८ (ग) २७५४ |
| ९१ | कमल बहादुर खड्का | धन बहादुर | जङ्ग बहादुर | ४ | ३००० | ३०९९.९७ | २७३१ | ८ (ग) २५७४,२५७१,<br>२५७५,२५७२ |
| ९२ | चन्द्र बहादुर कार्की | धन बहादुर कार्की | शेर बहादुर कार्की | ४ | २९९६ | ३०१३.४२ | २७६३ | ८ (ग) २६१५,<br>२७४७,२७४९ |
| ९३ | ललितमान लिम्बु | सनक सिंह लिम्बु | महानन्द लिम्बु | ४ | २९९२ | ८६२९.६ | २७१५ | ८ (ग) २४६७,२४६९ |
| ९४ | भुपालध्वज थापा | नर बहादुर | गोरख बहादुर | ४ | २९३४ | ३८६७.६५ | २५५९ | ८ (ग) २५९४ |
| ९५ | रत्न बहादुर सार्की | पुर्ण बहादुर सार्की | बल बहादुर सार्की | ४ | २९५७ | ६०८५.५६ | २८३८ | ८ (ग)<br>२७६२,२७६८,२७७१ |
| ९६ | मान बहादुर कार्की | धन बहादुर कार्की | शेर बहादुर कार्की | ४ | २९९८ | ३११७.२९ | २७६० | ८ (ग) २७४६,<br>२७८७,२७८९ |
| ९७ | इन्द्र माया कडेल | बलराम अधिकारी | पतिःलक्ष्मि प्रसाद कडेल | ४ | २९९४ | ७०५२.३१ | २६५६ | ८ (ग) २५६६,२५६३ |
| ९८ | गजिन्द्र ओलि | इश्वरी प्रसाद ओली | रविलाल | ४ | २९२९ | ५४३८.६६ | २७७० | ८ (ग) २५९२ |
| ९९ | मिना कुमारी दर्जि | मान बहादुर भुजेल | पतिःविर बहादुर दमाई | ४ | २५७६ | १५५.०५ | २५६४ | ८ (ग) २६०६ |
| १०० | पदम प्रसाद ओली | ईश्वरी प्रसाद | रविलाल | ४ | २९२७ | ५२५०.४ | २७५५ | ८ (ग) २५९१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०१ | भिम कुमारी रोक्का | नर बहादुर आचार्य | पतीः शेर बहादुर रोक्का | ५ | ३२५५ | ४४०.६३ | १२२१ | ८ (ङ) २१०० |
| १०२ | लक्ष्मी देवि नेउपाने | डिल्लि प्रसाद धमला | पतीः बाबु राम नेपाल | ५ | ३२५६ | २४०.२५ | १२५० | ८ (ङ) २१०० |
| १०३ | नारायण श्रेष्ठ | दल बहादुर श्रेष्ठ | बिर बहादुर श्रेष्ठ | ५ | ३२६७ | ३६९.९४ | १२३६ | ८ (ङ) २१०० |
| १०४ | बालुका लामिछाने | भिम प्रसाद लामिछाने | पतीः गुरु देव भण्डारी | ५ | ३२६६ | ३३६.६४ | १२३५ | ८ (ङ) २१०० |
| १०५ | सन्तोषी अधिकारी | भगिरथ अधिकारी | गोपाल खड्का | ५ | ३२६४ | ३३०.२८ | १०९० | ८ (ङ) २१०० |
| १०६ | उमा गौतम | नन्दि केशर खनाल | डिल्लिराम गौतम | ५ | ३२६३ | २२८.२४ | ११८१ | ८ (ङ) २१०० |
| १०७ | कविता राया | पदम लाल राया | पतीःतिलक बहादुर अधिकारी | ५ | ३२५७ | ३४३.४२ | १०५० | ८ (ङ) २१०० |
| १०८ | कविता कडेल | कृष्ण बहादुर कडेल | पतीः देव सिं बस्नेत | ५ | ३२५३ | ३४३.५५ | ११४४ | ८ (ङ) २१०० |
| १०९ | तारा राउत | मेहर मान बस्नेत | पतीः मित्र राज राउत | ५ | ३२५४ | ३४१.०२ | ११४५ | ८ (ङ) २१०० |
| ११० | चन्द्र बहादुर खडका | धन बहादुर खडका | बल बहादुर खडका | ५ | ३२५० | ३६५.६६ | ११८३ | ८ (ङ) २१०० |
| १११ | सरस्वती अधिकारी सापकोटा | राम प्रसाद अधिकारी | पतीः गौरव सापकोटा | ५ | ३२५२ | ७००.२८ | १२१५ | ८ (ङ) २१०० |
| ११२ | मन बहादुर कार्की | टेक बहादुर कार्की | सल बहादुर कार्की | ५ | ३१७६ | १५२.४३ | १३४७ | ८ (ङ) २२२० |
| ११३ | सरस्वती माया तामाङ्ग | सुख बहादुर | पतीः थामबिर | ५ | १४२६ | ११७.६७ | २३८९ | ८ (ङ) २७२१ |
| ११४ | शोभा रोक्का | लाल बहादुर रोक्का | ध्वज बहादुर | ५ | ३२९५ | १६९३.१६ | ९२० | ८ (घ) १९२० |
| ११५ | डम्मर बहादुर रोक्का क्षेत्री | लाल बहादुर रोक्का | ध्वज बहादुर | ५ | ३२९६ | १९६८.५ | ९४१ | ८ (घ) १९२० |
| ११६ | जानुका निरौला | लक्ष्मी प्रसाद निरौला | छत्र बहादुर निरौला | ५ | ३२९३ | १०१५.९ | ८६९ | ८ (घ) २०४० |
| ११७ | रमेश निरौला | लक्ष्मी प्रसाद निरौला | छत्र बहादुर निरौला | ५ | ३२९४<br>२३७७<br>३२८८ | १९०५.०८<br>१७.१८<br>६७८.२५ | ४०७ | ८ (घ) २०४०,२०४१ |
| ११८ | उर्मिला निरौला | पदम बहादुर सेडाई | पतीः लक्ष्मी प्रसाद निरौला | ५ | १८१२<br>३२८९ | १५२०.४५<br>३३९.०४ | १४१४ | ८ (घ) २०४०,२०४१ |
| ११९ | लक्ष्मी प्रसाद निरौला | छत्र बहादुर निरौला | हस्त बहादुर निरौला | ५ | ३२८५ | ३३८.७५ | १४१५ | ८ (घ).२०४१ |
| १२० | लोक माया निरौला | पदम बहादुर अधिकारी | पतीः लक्ष्मी प्रसाद निरौला | ५ | ३२९०<br>३२८७ | ३३८.६५<br>३३८.८७ | १६०७ | ८ (घ) २०४१ |
| १२१ | धन बहादुर निरौला | लक्ष्मी प्रसाद निरौला | छत्र बहादुर निरौला | ५ | ३२८६<br>३२९१ | ३३८.७५<br>३३८.६४ | १६०८ | ८ (घ) २०४१ |
| १२२ | शिब कुमारी श्रेष्ठ | पदम बहादुर | पतीः इन्द्र बहादुर श्रेष्ठ | ५ | ३२९७ | ४९७.१४ | १५५७ | ८ (ग) .२४७८ |
| १२३ | दिपक प्रसाई | देवि प्रसाद प्रसाई | इन्द्र लाल | ५ | ३३०७ | २९८०.०१ | ११४८ | ८ (घ) २०६७ |
| १२४ | हेम कुमारी शिबाकोटी | ओम प्रकास शिबाकोटी | ससिधर शिबाकोटी | ५ | ३३०६ | ३२२५.२४ | १६६८ | ८ (घ).२०६७ |
| १२५ | शारदा सिबाकोटी | गंगा प्रसाद सिटौला | पतीःओम प्रकास शिबाकोटी | ५ | ३३०८<br>३१२७ | ७६५९.८१<br>२०८२.३६ | १४५३<br>२९८ | ८(घ) २०६७ |
| १२६ | शोभा श्रेष्ठ | पृथ्वीराज श्रेष्ठ | पतिःकृष्ण श्रेष्ठ | ४ | ६४२७ | ६७७.२६१ | ३११३ | ८ १५५३ |
| १२७ | कृष्ण श्रेष्ठ | कुल बहादुर श्रेष्ठ | मोती लाल | ४ | | ४३३९.७३३ | १५३३ | ८ (घ) १५५३ |
| १२८ | हेम कुमार खड्का | रण बहादुर खड्का | कासीनाथ | ४ | ३३५८ | ४७६६.५१ | १४६६ | ८ (ग) १८२८,१८२९,<br>१८३०,१८३१ |
| १२९ | चुम्बन गौतम | पुण्य प्रसाद गौतम | पतिः ऋषीराम रिजाल | ५ | १०८५ | ७७७९.३४ | १०९१ | ३ (क) ५३२ |
| १३० | यसोदा भट्टराई | युवराज ढकाल | पतिः लिला भट्टराई | ५ | ७५७ | २४१५.८०२ | १८२५ | ३ (क) ५७१ |
| १३१ | शान्तिला पौदडेल | गजेन्द्र पौडेल | पतिःचेतनाथ फुयल | ५ | १०५६ | १५५.९१ | २३ | ३ (क) ६३३ |
| १३२ | पुर्णिमा खड्का | चन्द्र प्रसाद | पतिः हेम बहादुर खड्का | ५ | ३२५९<br>३३१२ | २४१.५७<br>८७.१९ | ११६१ | ८ (ङ) २०९६ |
| १३३ | कृष्ण बहादुर कार्की | डिक बहादुर | मान बहादुर | ५ | ३३१३<br>३३१४ | १६७८.९८<br>१६९२.४५ | १२०७ | ८ (ङ) २०९६ |

# जापानमा मागाशैली राजनीतिको आगमन



**टोकियो–** दक्षिणपन्थी राजनीतिज्ञहरूले अन्यत्र 'अभिजात वर्ग,' 'विश्वव्यापीकरण' र आप्रवासनको विरुद्धमा व्यापक रूपमा विरोध गर्दै गर्दा जापानमा लोकप्रियतावादी आदर्शहरूले गति लिइरहेको छ । प्रधानमन्त्री शिगेरु इशिबाको गठबन्धनले आइतबारको चुनावमा माथिल्लो सदनको बहुमत गुमाएको भए पनि पाँच वर्षअघि मात्र बनेको 'जापानिज फर्स्ट' सान्सितो पार्टीले आफ्नो सिट दुईबाट बढाएर १५ बनाएको छ ।

सान्सितोको एजेण्डा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'मेक अमेरिका ग्रेट अगेन (मागा),' अल्टरनेटिभ फर जर्मनी (एएफडी) र बेलायतमा नाइजेल फराजको रिफर्म पार्टीजस्ता दक्षिणपन्थी आन्दोलनहरूको प्रतिलिपिबाटै आएको छ । यसमा आप्रवासन र विदेशी पुँजीमा 'कडा नियम र सीमाहरू,' 'विश्वव्यापीकरण' र 'कट्टरपन्थी' लैंगिक नीतिहरूको विरोध र कार्बन मुक्तिकरण र खोपहरू तथा कीटनाशकमुक्त कृषिमा पुनर्विचार समावेश छ ।

युटयुबमा स्थापित सान्सितोले 'जनतामा शक्ति फिर्ता ल्याउने छ' भनेर पार्टीका ४७ वर्षीय नेता, पूर्वशिक्षक तथा सुपरमार्केट प्रबन्धक सोही कामियाले जापान टाइम्समा लेखेका छन् ।

## सस्तो श्रम

सर्वेक्षणहरूले आप्रवासनलाई मुद्रास्फीति र अर्थतन्त्रका बारेमा धेरै चिन्तित मतदाताहरूको सूचीमा धेरै तल राखेका छन् । तर सान्सितोका लागि आफ्नो अर्थतन्त्रलाई अत्यावश्यक पर्ने आप्रवासन अन्य विकसित देशहरूको तुलनामा धेरै कम रहेको जापानमा नयाँ आगन्तुकहरूको आगमन अपराधदेखि बढ्दो सम्पत्तिको मूल्यदेखि खतरनाक ड्राइभिङसम्मका धेरै समस्याका लागि जिम्मेवार छ ।

'यदि तिनीहरू पर्यटकका रूपमा आउँछन् भने यो ठीक छ, तर यदि तपाईंले सस्तो श्रम भएको भन्दै धेरैभन्दा धेरै विदेशीलाई लिनुभयो भने जापानी जनताको तलब बढ्ने छैन,' कामियाले एक अभियानमा भने, 'तर हामी बहिष्करणवादी छैनौं । हामीले विदेशीहरूलाई बाहिर निकाल्न कहिल्यै आह्वान गरेका छैनौं ।'

यसैबीच अनलाइन प्लेटफर्महरू गलत सूचनाले भरिएका छन् । तीमध्ये केही जापानी तथ्य-जाँच समूह र सरकारले अस्वीकार गरेका छन् । केही पोस्टहरूले विदेशीहरूले एक वर्षमा करिब तीन अर्ब डलर मेडिकल बिलहरू भुक्तान नगरी छोड्छन् वा कल्याणमा रहेका चिनियाँ बासिन्दाहरू पाँच वर्षमा दोब्बर भएका छन् भनी गलत दाबी गरेका छन् ।

टोकियोको सिनागावा स्टेसनको अगाडि सान्सितोको चुनावी र्‍यालीमा सुन्तला टी-सर्ट लगाएका पार्टीका कार्यकर्ताहरूले 'जापानलाई विनास गर्न बन्द गर !' पर्चाहरू बाँडिरहेका थिए । एक मतदाताले उनको आवाज अन्ततः सुनिएको बताए ।

'उनीहरूले मैले वर्षौंसम्म सोचेका तर शब्दहरूमा राख्न नसकेका कुराहरूलाई शब्दबद्ध गरे,' अस्थायी अल्पकालीन करारमा रहेकी ४४ वर्षीया ती आइटी कामदारले भनिन्, 'विदेशीहरू विश्वविद्यालय जाँदा जापानी सरकारले तिनीहरूलाई अनुदान प्रदान गर्छ, तर हामी विश्वविद्यालय जाँदा सबैको ठूलो ऋण थियो ।'

## मस्कोको हस्तक्षेप

जापान इन्स्टिच्युट अफ ल एण्ड इन्फर्मेसन सिस्टम थिंक-ट्यांकका इचिरो यामामोतोले धेरै पढेको ब्लग पोस्टका अनुसार रूसी बट खाताहरू 'ठूलो मात्रामा सूचना हेरफेर' का लागि जिम्मेवार छन् । यसलाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले जापानी भाषामा सामग्रीको राम्रो अनुवाद गर्न सक्षम बनाएको छ ।

जापानी दक्षिणपन्थीहरूका लागि लामो समयसम्म अभिशाप रहेको रुसप्रति थप समझदारी पनि कामियाका लागि विषयवस्तु हो । 'रुसको सैन्य आक्रमण (युक्रेनको) निःसन्देह नराम्रो थियो, तर संयुक्त राज्य अमेरिकामा त्यहाँ शक्तिहरू छन् जसले रुसलाई त्यसो गर्न बाध्य पारे,' आफू 'रुस समर्थक' हुन अस्वीकार गर्दै कामियाले भने ।

रूसी राज्य मिडियाले सान्सितो उम्मेदवारको अन्तर्वार्ता लिएपछि उनी आफ्नो अभियानका क्रममा मस्कोबाट समर्थन प्राप्त गर्न अस्वीकार गर्न बाध्य भए । रुसमाथि अन्य देशहरूमा यस्तै दलहरूलाई समर्थन गरेको आरोप लगाइएको छ ।

## शून्य अवैधानिक

अन्य देशहरूमा जस्तै सान्सितोको उदय र यसको सफलताले सरकारलाई नयाँ आप्रवासन नीतिहरू घोषणा गर्न प्रेरित गरेको छ र अन्य दलहरूलाई चुनाव अभियानका क्रममा वाचा गर्न प्रेरणा दिएको छ । इशिबाको एलडिपीले 'शून्य अवैध विदेशी नागरिकहरू' प्राप्त गर्ने लक्ष्य घोषणा गरेको छ र सरकारले आप्रवासन र बसोबासका लागि व्यवस्थापन प्रणालीलाई बलियो बनाउने बताएको छ ।

आठ गैरसरकारी संस्थाले गत हप्ता जारी गरेको संयुक्त वक्तव्यलाई 'द्रुतरूपमा फैलिरहेको जेनोफोबिया (विदेशी मानिस मन नपराउने)' प्रति चेतावनी दिँदै एक हजारभन्दा बढी समूहले समर्थन गरेका थिए । 'विदेशीहरूलाई प्राथमिकता दिइन्छ' भन्ने तर्क पूर्णतया निराधार लोकप्रियवाद हो,' वक्तव्यमा भनिएको छ ।

सुकुबा विश्वविद्यालयका राजनीति र समाजशास्त्रका प्राध्यापक हिदेहिरो यामामोतोले एलडिपी अन्यत्रका स्थापित पार्टीहरूभन्दा फरक र 'सबै समावेशी पार्टी' बनेर रहेको भन्दै लोकप्रियवादले पहिले पकड बनाउन नसकेको बताए । 'एलडिपीले सहरहरूमा निम्न मध्यमवर्गीय बासिन्दाहरू, ग्रामीण क्षेत्रका किसानहरू र साना र मध्यम आकारका कम्पनीहरूको हेरचाह गरेको छ,' यामामोतोले भने ।

विगतमा जापानमा अन्य नयाँ पार्टीहरूको उदय र गिरावटलाई औंल्याउँदै उनी सान्सितो कायम रहने कुरामा निश्चित छैनन् । 'तपाईं जनतामाझ अस्थायी मनोदशा राखेरमात्र समर्थन प्राप्त गर्न जारी राख्न सक्नुहुन्न,' उनले भने । *रासस/एएफपी*

# भारतका उपराष्ट्रपति धनखरले दिए राजीनामा



**नयाँदिल्ली–** भारतका उपराष्ट्रपति जगदीप धनखरले आफ्नो स्वास्थ्यलाई प्राथमिकता दिने र चिकित्सकको सल्लाहअनुसार आफ्नो पदबाट राजीनामा दिने निर्णय गरेका छन् ।

उनले यस निर्णयमार्फत व्यक्तिगत स्वास्थ्य र भलाइमा ध्यान केन्द्रित गर्ने उद्देश्य राखेका छन् । धनखरले आफ्नो राजीनामा पत्र राष्ट्रपति द्रौपदी मुर्मूलाई सम्बोधन गर्दै पठाएका हुन्, जसमा उनले स्वास्थ्यको हेरचाह र चिकित्सकीय सल्लाहको पालना गर्दै तत्काल प्रभावबाट उपराष्ट्रपतिको पदबाट राजीनामा दिने निर्णय गरेको कुरा उल्लेख गरेका छन् ।

उनले आफ्नो पत्रमा राष्ट्रपति र प्रधानमन्त्रीको साथसाथै मन्त्री परिषद्लाई पनि उनको कार्यकालमा दिएको अमूल्य समर्थनका लागि धन्यवाद दिएका छन् । उपराष्ट्रपतिको रूपमा धनखरले सन् २०२२ मा पदभार सम्हालेका थिए र उनको कार्यकाल सन् २०२५ सम्मको थियो, तर स्वास्थ्य कारणले उनले यो महत्त्वपूर्ण निर्णय लिनु परेको हो ।

धनखरको राजीनामापछि उपराष्ट्रपतिको पदको रिक्तता भर्ने उद्देश्यले नयाँ चुनाव गरिने छ । यससम्बन्धी उपराष्ट्रपतिको सचिवालयले पनि जानकारी दिएको छ । उपराष्ट्रपतिको कार्यकालमा धनखरको योगदान अत्यन्त प्रेरणादायक र महत्त्वपूर्ण रहयो । उनको कार्यकालको अवधिमा उनले देशको संविधान र संसदीय प्रक्रियामा राम्रो ज्ञान र नेतृत्व देखाएका थिए । *रासस/एएनआई*

# चीनमा रोजगारीको अवस्था सुदृढ

**बेइजिङ–** चीनले सन् २०२५ को पहिलो छ महिनामा ६९ लाख ५० हजार नयाँ सहरी रोजगारी सिर्जना गरेको छ । यो संख्या वार्षिक रोजगारी लक्ष्यको ५८ प्रतिशत हो, जुन चीनले वर्षभरि पूरा गर्ने लक्ष्य राखेको छ ।

मानव संसाधन तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता छुई पेंगछेङका अनुसार, जुन महिनामा सहरी बेरोजगारी दर पाँच प्रतिशत रहेको छ, जुन अघिल्लो वर्षको सोही अवधिसँग मिल्दोजुल्दो हो ।

सरकारले रोजगारी प्रवर्द्धन गर्न ल्याएका विभिन्न सहयोगी नीतिहरूका कारण, चीनको रोजगार स्थिति स्थिर रहन सफल भएको छ, यद्यपि बाहय परिस्थितिहरू चुनौतीपूर्ण रहेका छन् । *रासस/सिन्ह्वा*

# पाकिस्तानमा मनसुन प्रकोपः जनजीवन अस्तव्यस्त, सयौं प्रभावित

**इस्लामाबाद–** पाकिस्तानमा हालको मनसुन वर्षाले ठूलो जनधनको क्षति पुर्‍याएको छ । देशभर भएका अविरल वर्षा, आकस्मिक बाढी र वर्षासम्बन्धी विभिन्न घटनाहरूका कारण अहिलेसम्म कम्तीमा २२१ जनाले ज्यान गुमाएका छन् भने ५९२ जनाभन्दा बढी घाइते भएका छन् । यो विवरण पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनमा उल्लेख गरिएको हो ।

यो तथ्यांक जुन २६ देखि जुलाई २१ सम्मको अवधिमा संकलन गरिएको हो । पछिल्लो चौबिस घण्टामात्रै पाँच जनाको मृत्यु र १० जना घाइते भएको जनाइएको छ । सबैभन्दा बढी प्रभावित क्षेत्र पूर्वी पञ्जाब प्रान्त रहेको छ, जहाँ १३५ जनाको मृत्यु र ४७० जनाभन्दा बढी घाइते भएका छन् ।

त्यस्तै, उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा ४६ जनाले ज्यान गुमाएका छन् र ७९ जना घाइते भएका छन् । दक्षिणी सिन्ध प्रान्तमा २०० जनाभन्दा बढी प्रभावित भएका छन्, जसमा २२२ जनाको मृत्यु भएको र ४० जना घाइते भएका छन् । बलुचिस्तान प्रान्तमा पनि सोही कारणले १६ जनाको मृत्यु र चार जना घाइते भएका छन् । उत्तरी गिलगिट-बल्तिस्तान क्षेत्रमा भने कुनै मृत्यु भएको छैन, तर तीन जना घाइते भएको पुष्टि गरिएको छ । पाकिस्तानको नियन्त्रणमा रहेको कश्मीर क्षेत्रमा एक जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । राजधानी क्षेत्र इस्लामाबादमा एक बालक घाइते भएको जनाइएको छ । *रासस/सिन्ह्वा*

# बंगलादेशको प्रशिक्षण लडाकु जेट स्कुलमा खस्दा २७ जनाको मृत्यु



**ढाका–** बंगलादेशको एक स्कुलमा प्रशिक्षण लडाकु जेट दुर्घटना हुँदा २५ बालबालिका र अन्य दुई जनासहित २७ जनाको मृत्यु भएको छ । यो दशकौंको सबैभन्दा घातक विमान दुर्घटना हो ।

चिनियाँ निर्मित एफ-७ बिजेआई विमान माइलस्टोन स्कुल एण्ड कलेजमा खसेको बेला अधिकांश पीडित विद्यार्थीहरू भर्खरै कक्षाबाट बाहिर निस्किएका थिए । 'अहिलेसम्म २७ जनाको मृत्यु भइसकेको छ । तीमध्ये २५ जना बालबालिका र एक जना पाइलट छन्,' स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका मुख्य सल्लाहकारका विशेष सहायक सैयदुर रहमानले २० जनाको मृत्यु संख्यालाई अद्यावधिक गर्दै भने, 'विभिन्न अस्पतालमा ७८ जनाको उपचार भइरहेको छ ।'

दुर्घटनामा १७० जनाभन्दा बढी घाइते भएका कारणबारे अनुसन्धान गरिरहेको सेनाले जनाएको छ । सामान्यतया व्यस्त रहने स्कुल मंगलबार बिहान एकदमै शान्त थियो, कक्षाहरू रद्द गरिएको थियो । 'बालबालिकासहित स्कुलले पनि ज्यान गुमाइसकेको छ,' आफ्नो छोरा मुस्किलले दुर्घटनाबाट बचेका ४५ वर्षीय शिक्षक शहादत होसेनले भने, 'प्रभावित भवनको अगाडि दुईवटा झुला छन् । खाजा समय र स्कुलपछि बालबालिकाहरू त्यहाँ खेल्छन् । हिजो पनि विमान दुर्घटना भएको समयमा विद्यार्थीहरू ती झुलामा थिए ।'

स्कुलमा लगभग सात हजार विद्यार्थी भर्ना भएका छन् । तीमध्ये अबुल बशारको छैटौं कक्षाका छोरा पनि छन् र उनको सबैभन्दा मिल्ने साथी मारिएका छन् । 'उनी दुर्घटना हुनुभन्दा दुई वा तीन मिनेट अगाडिमात्र बाहिर निस्किएका थिए,' बशारले भने, 'उनी रातभर सुत्न सकेनन् र आज बिहान उनलाई स्कुल ल्याउन मलाई बाध्य तुल्यायो ।'

## बालबालिकाहरुको आघात

स्कुल अधिकारीहरूले घटनास्थलबाट बालबालिकाका झोलाहरू, जुत्ताहरू र परिचयपत्रहरू संकलन गरेका छन् । वरिष्ठ प्रहरी अधिकारी पह्न चक्माले सशस्त्र बलका कर्मचारीहरूले अझै पनि क्षेत्र सफा गरिरहेको बताए ।

'उनीहरूले त्यस ठाउँलाई पछि प्रहरीलाई हस्तान्तरण गर्ने छन् र त्यसपछि हामीले कुनै पनि मानव अवशेष वा विद्यार्थी र अन्यको सामानसहित प्रमाण संकलन गर्ने छौं,' उनले भने ।

ड्युटीमा रहेका वायु सेनाका कर्मचारीहरूले सोमबार राति लडाकु जेटको अवशेषहरू हटाइएको बताए, तर उनीहरूले अझै प्रमाणका लागि साइट खोजी गरिरहेका छन् । 'बालबालिकाहरूलाई यो आघातबाट मुक्त गर्न, सामान्य अवस्थामा फर्कन कति समय लाग्ने छ मलाई थाहा छैन,' शिक्षक होसेनले भने । सोमबार राति स्कुल अधिकारीहरूले परिसरमा प्रार्थना गरे ।

बंगलादेशका अन्तरिम नेता मुहम्मद युनुसले यस घटनामा 'गहिरो शोक र दुःख' व्यक्त गर्दै एक दिनको राष्ट्रिय शोक घोषणा गरेका छन् । 'वायु सेना, विद्यार्थी, अभिभावक, शिक्षक र माइलस्टोन स्कुल र कलेजका कर्मचारी र यस दुर्घटनाबाट प्रभावित अन्यको क्षति अपूरणीय छ,' उनले भने, 'यो राष्ट्रका लागि गहिरो पीडाको क्षण हो ।'

सेनाले जेटले 'कथितरूपमा मेकानिकल समस्या सामना गर्दा' पाइलट, फ्लाइट लेफ्टिनेन्ट तौकीर इस्लाम नियमित प्रशिक्षण मिसनमा रहेको बताएको छ । इस्लामले विमानलाई घना जनसंख्या भएका क्षेत्रहरूबाट टाढा सार्ने प्रयास गरेको तर 'आफ्नो सक्दो प्रयासका बावजुद' दुई तले विद्यालय भवनमा ठोक्किएको सेनाले सोमबार जनाएको छ । *रासस/एएफपी*


## युएइमा रोजगार
कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPORATION LIMITED - DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०६ | LT. No. 312211 | चलानी नं. ६०२२६६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 47 | 0 | 1200 | ४४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 45 | 0 | 1200 | ४४,९२५ | | | | | | | |
| 3 | Scaffolder | 31 | 0 | 1200 | ४४,९२५ | | | | | | | |
| 4 | Steel Fixer | 48 | 0 | 1200 | ४४,९२५ | | | | | | | |

कम्पनी : PARAGON EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०६ | LT. No. 316785 | चलानी नं. ६०२३१५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 96 | 0 | 800 | २९,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४



## साउदीमा रोजगार
कम्पनी : GROWTH OF IDEAS CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327466 | चलानी नं. ६०२४१२८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOWADER AL-GHAIM FOR CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 325654 | चलानी नं. ६०२४१२८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np



## साउदी/युएइमा रोजगार
कम्पनी : AL-FAHAD SIGWARD CO.

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327449 | चलानी नं. ६०२४१३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 3 | 0 | 1500 | ५४,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६५,९७५ | | | | | | | |
| 3 | Pump Operator | 12 | 0 | 1800 | ६५,९७५ | | | | | | | |
| 4 | Small Truck Driver | 1 | 0 | 1800 | ६५,९७५ | | | | | | | |
| 5 | Workshop Labor | 2 | 0 | 1000 | ३६,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १४ गते (30th July 2025) मा हुनेछ ।

कम्पनी : ONTIME MANPOWER SUPPLY

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०६ | LT. No. 313392 | चलानी नं. ६०२२७८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER MALE | 100 | 0 | 1100 | ४१,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: अक्टोपस ट्रेनिङ सेन्टर, दमक, झापामा मिति: २०८२ साउन ८ गते (24th July 2025) मा हुनेछ ।
नमस्ते जनप्रिय थकाली भान्छा घर, पोखरामा मिति: २०८२ साउन ९ गते (25th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1078/073/74
SKY STAR RECRUITMENT PVT LTD
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९५५०० | प्रति तोला – ० | प्रति तोला – २३२० |



**पहाडकी रानी बन्दीपुर** | तनहुँको बन्दीपुर गाउँपालिकामा अवस्थित पर्यटकीयस्थल बन्दीपुर बजार । बाह्रै महिना शीतल, चिसो हावापानी भएको हुँदा बन्दीपुर आन्तरिक र बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । *तस्बिरः सागर गिरी/रासस*

# फाइभ–जी नेटवर्क जतिसक्दो छिटो सञ्चालन गर्न निर्देशन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जति सक्दो छिटो फाइभ-जी नेटवर्क सञ्चालन गर्न नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्रधिकरणलाई निर्देशन दिएका छन् । मन्त्रालयमा मंगलबार आयोजित एनटिसी र एनटीएको २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रमबारे राखिएको छलफलमा मन्त्री गुरुङले फोर-जी विस्तार व्यापाक बनाउँदै फाइभ-जी नेटर्वकको थालनी तत्कालै गर्न निर्देशन दिएका हुन् ।

आफू मन्त्री भएलगत्तै पटक-पटक फाइभ-जी नेटर्वक सुरू गर्न भन्दै आएको स्मरण गराउँदै सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले आफूले निर्देशन दिएको एक वर्ष पुगिसक्दा पनि कार्यसम्पादन नहुनु दुःखद् विषय भएको बताए । उनले अब भने चाँडोभन्दा चाँडो नेटवर्क विस्तारमा गर्नुपर्ने बताए ।

छलफलका क्रममा मन्त्री गुरुङले नेपाल टेलिकम सैद्धान्तिक रूपले मात्रै जिल्लाभर पुग्नु प्रयाप्त नरहेको स्पष्ट पारे । उनले फोर-जी नेटर्वक हरेक जनताका घरघरमा पुऱ्याउने काम प्राथमिकतामा राख्नुपर्ने बताए । साथै, इन्टरनेट र टेलिफोनमा समस्या आउँदा सरकारको डिजिटल फ्रेमवर्क उद्देश्य सार्थक हुन कठिन हुने, जनताले सेवाको भाव महसुस गर्नबाट वञ्चित रहने र डिजिटल सुशासन कायम गर्न चुनौती देखापर्ने हुँदा दूरसञ्चार विस्तारमा ढिलासुस्ती नगर्न मन्त्री गुरुङले आग्रह गरे ।

त्यसैगरी उनले राजमार्गमा देखापर्ने नेटवर्क असुविधा कम गर्न पनि एनटिए र एनटिसीलाई ध्यानाकर्षण गराए । जहाँ जनतालाई अत्यन्त नेटर्वकको जरुरी हुन्छ, त्यहाँ सेवा विस्तारमा चनाखो हुन पनि मन्त्री गुरुङले जोड दिए ।

पर्यटन प्रवर्द्धन गर्न इन्टरनेट र टेलिफोन सुविधाको अत्यन्त जरुरी हुने उल्लेख गर्दै मन्त्री गुरुङले पर्यटकीय गन्तव्यमा नेटवर्क विस्तार प्रभावकारी बनाउन आग्रह गरे । 'जहाँ जनतालाई अति आवश्यकपर्छ, त्यहाँ एनटिसी पुग्नुपर्छ', उनले भने, 'यो वर्ष फाइभ-जी लन्च छिट्टै गर्नुपर्छ ।' उनले नेपाल टेलिकमको प्रचारप्रसार गतिविधि निकै कम भएको औंल्याउँदै शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा प्रचार गरेर एनटिसीबारे जनतालाई सूसुचित गराउन अनुरोध गरे ।

छलफलमा सञ्चार सचिव राधिका अर्यालले एनटिएले अनुगमनको पाटोलाई प्रभावकारी बनाउनुपर्ने अनुरोध गरे । उनले सूचनाप्रविधिको क्षेत्रमा नवीन कार्य गर्दै आएका युवा पुस्तालाई हौसला प्रदान गर्ने खालका कार्य योजनासमेत बनाउन निर्देशन दिए । 'सूचना प्रविधिको क्षेत्रमा नविन कार्य गर्ने युवालाई हौसला दिने खालका गतिविधिसमेत समेट्नुपर्छ', सचिव अर्यालले भने, 'यस्ता कार्यक्रम राख्नु समयको मागसँगै राज्यको दायित्व पनि हो ।'

एनटिएका अध्यक्ष भूपेन्द्र भण्डारीले फाइभ-जी नेटवर्क सञ्चालन गर्नेकार्य लगभग अन्तिम चरणमा पुगेको जानकारी दिए । अब केही समयमै बोलपत्र प्रक्रिया थालनी गरेर नेटर्वक विस्तार गर्ने उनले बताए । एनटिसीका निमित्त प्रबन्ध निर्देशक सविना मास्के (प्रधान)ले पनि फोर-जी विस्तार निरन्तर कार्य भइरहेको र फाइभ-जी लन्च गर्ने तयारीमा जुटेको बताए ।

# पाँचखाल नगरपालिकाका कर नतिर्ने इँटा उद्योग सिल

■ **प्रभाव संवाददाता**

**काभ्रेपलाञ्चोक–** पाँचखाल नगरपालिकाले कर नतिर्ने इँटा उद्योगलाई बन्द गर्न थालेको छ । समयमै कर नबुझाएका पाँच उद्योगलाई कार्यपालिकाको बैठकको निर्णयानुसार बन्द गर्न लागिएको नगरले जनाएको छ ।

पाँचखालको नगरसभाबाट स्वीकृत भएको आर्थिक ऐन २०८१ को अधिनमा रही व्यवसाय कर चुक्ता गर्नुपर्ने तथा बक्यौता व्यवसाय कर चुक्ता गर्न नगरले पटकपटक पत्राचार गर्दासमेत बेवास्ता गरेकाले २०८१ चैत २६ गते नगर कार्यपालिकाको बैठकको निर्णयानुसार कर चुक्ता नगरेसम्म इँटा बिक्री बन्द गरिएको थियो । नगरमा सञ्चालित इँटा उद्योगले समयमै नगरलाई तिर्नुपर्ने हालसम्मको कर नबुझाएकाले नगर कार्यपालिकाको गत असार १८ गतेको निर्णयानुसार सिल गरिएको जनाइएको छ ।

नगरका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाका अनुसार नगरको पत्राचारलाई बेवास्ता गरी व्यवसायीले अटेर गरेपछि सोमबार सुरक्षाकर्मीसहित नगरका प्रतिनिधिको टोलीले इँटाभट्टा सिल गर्ने प्रक्रिया अगाडि बढाएको छ । नगरलाई कर तिर्न बाँकी रहेका पाँच भट्टामध्ये तीनवटा सोमबार सिल गरिएको र अन्य दुई सिल हुने प्रक्रियामा रहेको सापकोटाले बताए ।

उनका अनुसार पाँचखाल-१२ मा रहेको श्री जय भीमसेन इँटा उद्योग प्रालि र पलाञ्चोक भगवती फिक्स चिम्नी इँटा उद्योग तथा पाँचखाल-७ स्थित सुवर्णेस्वरी इँटा उद्योग प्रालि सिल गरिएको हो । यस्तै पाँचखाल-८ मा रहेको उपकार इँटा उद्योग प्रालि र वडा नं ९ स्थित पलाञ्चोक भगवती ब्रिक इन्डस्ट्रिज प्रालि सिलको प्रक्रियामा रहेको जनाइएको छ । पाँचखालमा आठ इँटा उद्योग सञ्चालनमा छन् ।

यसैबीच गत जेठ अन्तिम साता काभ्रेको मण्डनदेउपुर नगरपालिकाले पटकपटक ताकेता गर्दा पनि कर तिर्न नटेरेको जनाउँदै चार क्रसर तथा इँटा उद्योग बन्द गराएको थियो ।

नगरप्रमुख टोकबहादुर वाइबाको नेतृत्वमा स्थानीय जनप्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघलगायत सम्मिलित अनुगमन टोलीले नगर कार्यालयमा दर्ता नभएका, कर नतिरेका र नवीकरण नभएका क्रसर उद्योग र इँटा उद्योग गरी चार उद्योगमा ताला लगाएको थियो ।

# नेप्सेमा ८० अंकको उछाल

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धिसँगै कारोबार रकम पनि बढेको छ । मंगलबार नेप्से परिसूचक ८० दशमलव ९७ अङ्कले बढेर दुई हजार ९७३ दशमलव ७० बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ७९ प्रतिशतको वृद्धि हो ।

नेप्सेमा ३१९ कम्पनीको चार करोड ३५ लाख ८१ हजार २२८ कित्ता शेयर एक लाख ७७ हजार १०१ पटक खरिदबिक्री हुँदा रू २० अर्ब आठ करोड ५३ लाख ६७ हजार २९३ बराबरको कारोबार भएको छ । कारोबारपछि बजार पुँजीकरण रू ४९ खर्ब ६२ अर्ब १२ करोड नाघेको नेप्सेले जनाएको छ ।

सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह चार दशमलव ६३, जीवन बीमा समूह चार दशमलव ३६ र लघुवित्त समूह चार दशमलव ०७ प्रतिशतले बढेको छ । बैङ्किङ दुई दशमलव १०, विकास बैङ्क दुई दशमलव २६, वित्त एक दशमलव ९४, होटल तथा पर्यटन तीन दशमलव ४४ र जलविद्युत् समूह एक दशमलव ९० प्रतिशतले बढेको छ । त्यसैगरी, लगानी तीन दशमलव ३४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बीमा दुई दशमलव ५६, व्यापार एक दशमलव ०१ र अन्य समूह तीन दशमलव २६ प्रतिशतले बढेको छ । कारोबारमा ट्रेड टावर लिमिटेड, शिवम् सिमेन्ट लिमिटेड, सान्भी इनर्जी लिमिटेडलगायत कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

# ग्लोबल आइएमईका ग्राहकलाई अन्नपूर्ण न्युरोमा छुट

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट पाउने छन् । यस सम्बन्धी समझदारीमा बैंकका सहायक महाप्रबन्धक तथा चिफ मार्केटिङ्ग अफिसर दिलिप पोखरेल र अन्नपूर्ण न्यूरो अस्पतालका डेपुटी मेडिकल डाइरेक्टर डा. शरद हरी गजुरेलले हस्ताक्षर गरेका छन् ।

समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डबाहक एवम् बैंकको मोबाइल बैंकिङ्ग 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरूले अन्नपूर्ण न्यूरो अस्पतालको सेवाहरूमा १० प्रतिशत छुट पाउनेछन् ।

अन्नपूर्ण न्यूरो अस्पतालले उपलब्ध गराउने सेवाहरू हेल्थ प्याकेज, प्याथोलोजी, रेडियोलोजी, एम्बुलेन्स सेवा, बेड शुल्क, सर्जरी तथा अन्य विभिन्न सेवा शुल्कहरूमा ग्लोबल आइएमई बैंकका ग्राहकहरूले छुट पाउनेछन् । नशा रोगसम्बन्धी सेवाको लागि लोकप्रिय रहेको अन्नपूर्ण न्यूरो अस्पतालले अन्य विशेषज्ञ सेवाहरू समेत उपलब्ध गराउँदै आएको छ ।

आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरू ल्याएर आफ्ना ग्राहकहरूलाई लावान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउँदै काम गर्दै आएको छ ।

# नागरिक लगानी कोष र सिद्धार्थ बैंकबीच सम्झौता

**काठमाडौं (प्रस)–** नागरिक लगानी कोष र सिद्धार्थ बैंक लिमिटेडबीच उपदान तथा अवकाश कोष सञ्चालन सम्बन्धी सम्झौता भएको छ । सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्की र बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कँडेलले हस्ताक्षर गरेका हुन् ।

यो सम्झौतासँगै बैंकले हाल सञ्चालन गर्दै आएको योगदानमा आधारित तथा गैर योगदानमा आधारित उपदान तथा अन्य अवकाश खाताहरू कोषमा हस्तान्तरण भएको छ ।

हाल बैंकमा कार्यरत करिब २ हजार कर्मचारीहरूको उपदान एवम् अवकाशसँग सम्बन्धित अन्य रकमको व्यवस्थापन तथा सञ्चालन अब कोषले गर्नेछ ।



चालु आर्थिक वर्ष २०८२/८३ देखि नेपाल सरकारले साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू नागरिक लगानी कोष लगायतका अन्य कोषमा आवद्ध हुनु पर्ने व्यवस्था गरे बमोजिम आर्थिक ऐन, २०८२ मा भएको संशोधन अनुरूप बैंकले आफूले सञ्चालन गर्दै आएको अवकाश कोष नागरिक लगानी कोषमा हस्तारण गरेको हो ।

गत असार ३१ गते आन्तरिक राजस्व विभागले एक सूचना जारी गरी आर्थिक ऐन, २०८२ को दफा २३ मा आयकर ऐन, २०५८ बमोजिम साविकमा आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषहरू सम्वत २०८३ साल असार मसान्त भित्र नागरिक लगानी कोष लगायतका कोषमा आवद्ध हुनु पर्ने व्यवस्थाको जानकारी समेत गराएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ